**जलवायु परिवर्तन रोक्न सक्रिय बनौं**
- जलवायु परिवर्तन र यसबाट पर्ने असरबारे सचेत गराऔं,
- बोटबिरुवा लगाऔं हरियाली प्रवर्द्धन गरौं,
- नवीकरणीय ऊर्जाको प्रयोग गरौं,
- फोहोरमैला व्यवस्थापनमा ध्यान दिऔं,
- जलवायु परिवर्तन अनुकूलका बाली र तरकारी लगाऔं,
- पानीका स्रोतहरूको संरक्षण गरौं,
- वनजङ्गलको संरक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय ‘क’ वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ माघ १८ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2025 January 31 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १५४

## दुई मन्त्रीले बहुदरमाई नपाको विवाद सल्टाए

प्रस, वीरगंज, १७ माघ/

बहुदरमाई नगरपालिकाको विवाद साम्य पारिएको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता, खानेपानीमन्त्री प्रदीप यादव र प्रमुख प्रशासकीय अधिकृत शेरे मुस्तुफासहित बिहीवार काठमाडौंस्थित मन्त्री गुप्ताको निवासमा छलफल भएर समस्याको टुङ्गो लगाइएको हो ।

साउनदेखि विवादको कारण बहुदरमाई नपाको नगर अधिवेशन हुन सकेको थिएन। पछि सहमति भएपश्चात् कात्तिक ८ गते नगरसभा भएपनि प्रमुख प्रशासकीय अधिकृत मुस्तुफा र नगरप्रमुख सिंहासन साह तेलीबीच विवाद चुलिएकोले नगरप्रमुख तेलीले नगरसभाको प्रमाणीकरण रोकेका थिए । उनले नगरसभाको प्रमाणीकरण गरेपछि मात्र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले खाता सञ्चालनको स्वीकृति दिने प्रचलन रहेको छ ।

नगरप्रमुखले नगरसभाको प्रमाणीकरण नगर्दा अहिलेसम्म गापाको खाता सञ्चालनमा आउन सकेको थिएन। नगरप्रमुख तेलीले प्रमुख प्रशासकीय अधिकृत मुस्तुफाको सरुवा नहुन्जेल प्रमाणीकरण नगर्ने अडान लिएका थिए भने उपप्रमुख सुषमा कुशवाहासहितको बहुमत कार्यपालिका सदस्यले प्रमुख प्रशासकीय अधिकृतको सरुवा नगर्न दबाब दिंदै आएका थिए ।

यसै विषयलाई लिएर बहुदरमाई नपामा बेथिति बढेको थियो र विद्यार्थीहरूले पनि अर्द्धवार्षिक परीक्षा नलिएको भन्दै नगरपालिकामा तोडफोड,



तस्वीरः फाइल

आगजनी गरेर लाखौंको क्षति पुऱ्याएका थिए। पछिल्लो समयमा नेपाल शिक्षक महासङ्घ, पर्साले बहुदरमाई नपा अन्तर्गतका सामुदायिक विद्यालयका कर्मचारी, शिक्षकहरूले तलब नपाएको भन्दै आन्दोलन गरेको थियो र त्यहाँको विद्यालय डेढ सातादेखि बन्द गरिएको थियो ।

दुई पक्षीय अडानमा खानेपानीमन्त्री यादव नगरप्रमुखको पक्षमा र सङ्घीय मामिलामन्त्री गुप्ता उपप्रमुख कुशवाहाको पक्षमा खडा हुँदा समस्या बल्झिएको थियो। नगरप्रमुख तेली, जसपा पर्साका सभापति पनि हुन् भने उपप्रमुख कुशवाहा एमालेबाट निर्वाचित र मन्त्री गुप्ता पनि सोही पार्टीका हुन् ।

दुई मन्त्रीबीचको अडानका कारण बहुदरमाई नपाको विवाद झन्झन् बढ्दै गएको र आर्थिक कारोबार नहुँदा कर्मचारी, शिक्षकले तलब नपाएका, ठेकेदारहरूले भुक्तानी नपाउँदा विकास निर्माणलगायत आर्थिक कारोबार ठप्प भएको थियो । दुई मन्त्रीबीचको रस्साकस्सीको कारण सिर्जित समस्यालाई आज दुवै मन्त्री बसेर टुङ्गो लगाएका हुन्। मन्त्री गुप्ताले नगरप्रमुख तेलीले नगरसभालाई प्रमाणीकरण गरेको र केही दिनमा बहुदरमाई नपाको खाता सञ्चालनमा आउने तथा एक दिनका लागि भएपनि प्रमुख प्रशासकीय अधिकृत मुस्तुफाले कर्मचारी, शिक्षकहरूको तलब वितरण गर्ने र उनको ठाउँमा अर्को प्रमुख प्रशासकीय अधिकृत पठाएर बाँकी काम सम्पन्न गर्ने सहमति भएको बताए। सोही अनुसार शुक्रवार अथवा आइतवार खाता सञ्चालनमा आउने र प्रमुख प्रशासकीय अधिकृत मुस्तुफाले तलब वितरण गरेर उनको ठाउँमा अर्को प्रमुख प्रशासकीय अधिकृतले जिम्मेवारी लिने सहमति भएको छ ।

## नगर विकासको जग्गा नापी भयो, प्लटिङ भएन

प्रस, वीरगंज, १७ माघ/

वीरगंज महानगरपालिका-२५ श्रीसियामा नगर विकास समितिले प्लटिङ गरेको जग्गा अहिलेसम्म एकजनाले पनि आआफ्नो हकमा नापजोख गरेका छैनन् ।

नगर विकास समितिले व्यवस्थित शहर विकास गर्ने क्रममा आजभन्दा ३८ वर्ष पहिले २६ बिघा जग्गा प्लटिङ गरेको थियो। सो जग्गा लामो समयसम्म खाली थियो र नापजाँच नभएको कारण उपभोगमा आउन सकेको थिएन। लामो समयपछि सो जग्गाको नापजाँच नगरप्रमुख राजेशमान सिंहको पहलमा सम्पन्न भएको थियो ।

नापजाँच सम्पन्न भएको पनि एक वर्ष बित्न लाग्यो तर अहिलेसम्म महानगरमा सो जग्गाका धनीहरूले कित्ताकाट गरी आआफ्नो जग्गा छुट्याउन सकेका छैनन् । महानगरले नापी कार्यालयमार्फत २६ बिघा जग्गामा किलाखुट्टी गाडेको छ।

यसैगरी, प्लटिङमा भएका जग्गाधनीलाई आआफ्नो जग्गा छुट्याउनको लागि प्रतिप्लट रु ७५०० शुल्क कायम गरिएको छ तर अहिलेसम्म एकजना जग्गाधनीले पनि सो जग्गा आफ्नो नाममा नापजाँच गराएर किलाखुट्टी गाडेका छैनन् ।

यस अघि नगरप्रमुख राजेशमान सिंहले सो जग्गाको नापजाँचमा ढिलो भएको भनी तत्कालीन नापी प्रमुख नारायण श्रेष्ठसँग दुर्व्यवहार गरेका थिए। काममा ढिला भएको भन्दै उनले कार्यालयमा गएर कठालो समातेर जिल्ला प्रशासन कार्यालयमा पठाएका थिए । त्यसपछि नापजाँचको काम पुनः शुरू भएको थियो।



नगर विकास समिति, श्रीसियाको जग्गा नापजाँच गर्दै। तस्वीरः फाइल/प्रतीक

त्यत्रो विवाद भएको जग्गामा अहिलेसम्म एकजना व्यक्तिले पनि आफ्नो हकदाबीको जग्गा नापजाँच गरी किलाखुट्टी गाडेका छैनन् । यद्यपि नगरप्रमुख सिंहले पहिले कौडीको भाउमा बिक्री भएको प्लटिङको जग्गा अहिले चर्को मूल्य भएपछि सरोकारवाला जग्गाधनीहरूको चासो बढेको भन्दै तत्कालीन नापी प्रमुखलाई नापजाँच गर्न दबाब दिएका थिए ।

२६ बिघा जग्गामा करीब ३२० वटा प्लट छन् र सोही अनुसार सडकहरू विस्तार गरिएका छन् ।

## अपराध गर्नेलाई उन्मुक्ति दिन्नँ– प्रउ मिश्र

प्रस, वीरगंज, १७ माघ/

जिल्ला प्रहरी कार्यालय, पर्साका नवनियुक्त प्रहरी उपरीक्षक गौतम मिश्रले अपराध गर्नेलाई कुनै पनि हालतमा सजायको भागीदार बनाउने र उनीहरूलाई उन्मुक्ति नदिने बताएका छन्।

जिप्रका, पर्सामा बिहीवार आयोजित पत्रकारहरूसँगको छलफलमा उनले १८ वर्षपछि पर्सा जिल्लाको प्रमुखको रूपमा आफू आएको र यहाँको अवस्थाबारे पहिलेदेखि जानकार रहेकोले काम गर्न सहज हुने बताए। उनले भूगोल उही छ तर यहाँको कार्यशैलीमा केही परिवर्तन आएको र परिवर्तित अवस्था अनुसार आफूले काम गर्ने बताए ।

वडा प्रहरी कार्यालय, श्रीपुरमा प्रहरी निरीक्षक भएर काम गर्दा १८ वर्ष अघि मधेस आन्दोलनको क्रममा विभिन्नखाले गतिविधिहरू भएको, बैरियरमा रहेर काम गर्नुपर्ने अवस्था रहेको, त्यतिखेर खुला सीमाको कारण तस्करी, गाँजाखेती र सामाजिक तथा आर्थिक अपराध हुने गरेकामा अहिले केही परिवर्तित भएर साइबर अपराधले प्रश्रय पाएको बताए । उनले साइबर अपराधसँगै चेक अनादरका घटना र खुला सीमाबाट हुने




तस्वीरः प्रतीक

तस्करी, हुन्डी कारोबारमा प्रहरीको कडा निगरानी हुने बताए। उनले सीमा अपराधमा सीमामा खटेका सशस्त्र प्रहरीहरूले पहिलो दायित्व निर्वाह गरिरहेको र त्यसपछि दोस्रो दायित्व निर्वाह गरिरहेका आफूहरू पछि नपर्ने बताए ।

पर्सा जिल्लाका ग्रामीण क्षेत्रहरूमा हुने गरेका बालविवाह, दाइजोप्रथा, आत्महत्या जस्ता कार्यहरू नियन्त्रणका लागि प्रहरीले सामुदायिक सेवा केन्द्रहरूसँग सहकार्य गरी सचेतना कार्यक्रम गरेर न्यूनीकरणको प्रयास गर्ने बताए । उनले जिल्लामा हुने सामाजिक तथा आर्थिक अपराध न्यूनीकरणका लागि आफ्नो कार्यकालमा इमानदारीपूर्वक पहल हुने र कुनै पनि खाले अपराधमा संलग्न व्यक्तिहरूलाई विभेद नगरेर कानूनी कारबाईको दायरामा ल्याउने बताए ।

## वीरगंजमा एनसिएको सम्मेलन सम्पन्न

प्रस, परवानीपुर, १७ माघ/

नेपाल कमर्स एशोसिएशन (एनसिए)को प्रथम सम्मेलन वीरगंजमा सम्पन्न भएको छ ।

सम्मेलनको उद्घाटन भारत, उत्तरप्रदेश, जौनपुरमा रहेको भिबिएस पूर्वाञ्चल युनिभर्सिटीका बिजनेश इकोनोमिक डिपार्टमेन्ट हेड एवं इन्डियन कमर्स एशोसिएशनका पूर्वउपाध्यक्ष प्राडा मानस पाण्डेले गरेका थिए ।

सम्मेलनमा उद्घाटन र छलफल गरी दुईवटा सत्र राखिएका थिए। उद्घाटन सत्रमा राजर्षि जनक विश्वविद्यालय, जनकपुरधामका डिन एवं एनसिएका संस्थापक डा विनोद साह, महेन्द्र बहुमुखी क्याम्पस, धरानका ट्र्याक चेयरम्यान एवं रिसर्च कमिटी हेड प्रा अशोककुमार झा, नेपाल कमर्स क्याम्पस, काठमाडौंका फ्याकल्टी मेम्बर डा सुरेन्द्र महतो, वीरगंज महानगरपालिका वडा नं ३ का अध्यक्ष बैजुलाल स्वर्णकार, वीउवासङ्घका अध्यक्ष अनिलकुमार अग्रवाल, वरिष्ठ उपाध्यक्ष हरि गौतम, नेपाल पत्रकार महासङ्घ, पर्साका अध्यक्ष ओमप्रकाश खनालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा एनसिएका सचिव डा आलोकचन्द्र दत्त, कोषाध्यक्ष डा



तस्वीरः प्रतीक

अशोकदास ठाकुर, कार्यकारी सदस्यहरू डा सरोज ठाकुर, डा उदयकिशोर तिवारी, डा सन्तोष कर्ण, बैंकर्स एशोसिएशन वीरगंजका अध्यक्ष रोहिणी आचार्य, नेपाल इन्स्योरेन्स प्रोफेशनल सोसाइटी वीरगंजका महासचिव नितेश दास, कोअपरेटिभ म्यानेजर्स क्लब वीरगंजका अध्यक्ष रविभूषण श्रीवास्तवलगायतको सहभागिता थियो ।

एनसिएका अध्यक्ष दीपेन्द्रकुमार चौधरीको अध्यक्षतामा एवं सुनीता साह र कृष्ण पासवानको सहजीकरणमा सम्पन्न कार्यक्रममा अर्थशास्त्रका १९ जना विद्यार्थीले अनुसन्धानपत्र प्रस्तुत गरी छलफल र सुझाव आदानप्रदान गरेका थिए ।

नेपालको अर्थतन्त्रमा भारत, चीन र अन्य तेस्रो मुलुकका आर्थिक नीति, नियम–कानूनले कस्तो असर पारिरहेको, इमेल, इन्टरनेट र आधुनिक प्रविधिको प्रयोगबाट नेपाली अर्थतन्त्रमा पर्ने असर र नेपालको अर्थतन्त्र सुधारका लागि सरकारले नीति नियम कस्तो बनाउनुपर्ने जस्ता विषयमा विज्ञहरूले कार्यपत्र प्रस्तुत गरेका थिए ।

## एमाले जगरनाथपुरको अधिवेशन फागुन १२ गते

प्रस, वीरगंज, १७ माघ/

नेकपा एमाले जगरनाथपुर गाउँपालिका कमिटीको बैठक बुधवार सम्पन्न भएको छ । बैठकमा केन्द्रीय सदस्य अरविन्द सिंह, प्रहलाद गिरी, जालिम मियाँ, सलाउद्दीन अहमद, वीरेन्द्र यादवलगायतको सहभागिता थियो।

बैठकमा पार्टीको आगामी कार्यक्रम, स्थानीय विकास र राजनीतिक रणनीतिहरूमाथि छलफल गरिएको थियो भने फागुन १२ गते पालिका अधिवेशन गर्ने निर्णय भएको छ। कार्यक्रममा केस सिंहले पार्टी एकताको महत्त्व र स्थानीयस्तरमा सङ्गठन सबल पार्न आवश्यक कदमहरूबारे जोड दिए। उनले पार्टी कार्यकर्ताहरूलाई जनताको

(बाँकी पाचौं पातामा)

## आन्तरिक राजस्व सिमराद्वारा छ महीनामा सात अर्ब राजस्व सङ्कलन

प्रस, जीतपुर, १७ माघ/

आन्तरिक राजस्व कार्यालय, सिमराले छ महीनामा सात अर्बभन्दा बढी राजस्व सङ्कलन गरेको छ। चालू आवको छ महीनामा लक्ष्यभन्दा कम रु सात अर्ब ४४ करोड २७ लाख ३२ हजार राजस्व सङ्कलन गरेको कार्यालय प्रमुख कर अधिकृत दिनेश पाण्डेले बताएका छन् ।

चालू आवको साउन–पुस छ महीनामा रु आठ अर्ब ९२ करोड १३ लाख ६२ हजार राजस्व सङ्कलनको लक्ष्य रहेकोमा ८३.४३ प्रतिशत मात्र राजस्व सङ्कलन भएको कार्यालयका सूचना अधिकारी वसन्त नेपालले बताए ।

मुलुकमैं सबैभन्दा बढी राजस्व तिर्ने सिमरास्थित सूर्य नेपाल प्रालिको चुरोट उत्पादन तथा बिक्रीमा कमी आएपछि राजस्व सङ्कलनमा असर परेको सूचना अधिकारी नेपालले बताए।

चालू आवको छ महीनामा आयकर ६३.२२ प्रतिशत, बहाल आयकर ३०.२० प्रतिशत, ब्याज आयकर ११४.७९ प्रतिशत, मूअकर १०५.९२ प्रतिशत, अन्तःशुल्क ९०.२७ प्रतिशत, स्वास्थ्य सेवा ६५.७३ प्रतिशत सङ्कलन गरिएको आन्तरिक राजस्व कार्यालय, सिमराले जनाएको छ ।

## विचारसार र सूक्तिहरू

**मानिस आफ्नो आवश्यकताका अनुसार हाम्रो उपयोग गर्छन् र हामी यस भ्रममा रहन्छौं कि ती हामीलाई मन पराउँछन् ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# नेपालमा गाँजाखेती

**कानूनीरूपमा अवैध भएपनि केही स्थानमा यसको व्यावसायिक खेतीजस्तै भइरहेको पाइन्छ । तराई–मधेसका पर्सा, बारा, रौतहटलगायत जिल्लामा गाँजा उत्पादनको पुरानो इतिहास छ। विशेषगरी पुस–माघ महीना गाँजा पाक्ने समय हो । हाँसोलाग्दो कुरा यतिबेला प्रहरीले फडानी अभियान चलाउने गरेको पनि पाइन्छ । पर्साको पटेर्वासुगौली गाउँपालिकामा भर्खरै माघ १६ गते प्रहरीले गाँजा फडानी गऱ्यो । गाँजा फडानी गरिएको हो कि, टिपिदिएको हो ? प्रहरीको भूमिकामाथि गम्भीर प्रश्न उठेको छ। प्रहरीले माघ १६ गते ६ कठ्ठा गाँजा फडानी गरेको समाचार सार्वजनिक भएको छ । गाँजा पाकिसकेपछि फडानी गर्नु कतिको प्रभावकारी उपाय हो ? प्रश्न उठ्छ। कानून कार्यान्वयन गर्ने निकायले खेतीको शुरुआती चरणमैं निगरानी गर्नुपर्ने हो । तर प्रहरीलाई पुस–माघ महीनामा मात्रै गाँजाखेतीको स्मरण हुने प्रवृत्ति विगतदेखि नै दोहोरिएको छ।**

**गाँजा रोपेको पाँच–छ महीना भइसकेको थियो । जब बिरुवा बढ्दै थियो, तब प्रहरीले कुनै कदम चालेन । गाँजा पाकिसकेपछि मात्र फडानी गर्ने नाममा प्रहरी परिचालित हुनु शङ्कास्पद देखिन्छ । यसले प्रहरीको संलग्नता, मिलेमतो वा कम्तीमा पनि हेलचेक्रयाइँ स्पष्ट देखाउँछ । पटेर्वासुगौली प्रहरीको पहुँचबाहिरको क्षेत्र होइन। प्रहरीलाई सूचना नपुगेको भन्नु असम्भव छ, किनकि गाँजाखेती प्रहरीको सूचना र सम्पर्क एवं नियन्त्रित क्षेत्रभित्रै खुलारूपमा भएको पाइएको छ । यसले प्रहरीको मौन समर्थन वा आर्थिक लेनदेनको आशङ्का उत्पन्न गर्छ । पुस–माघमा गाँजा पूर्णरूपमा पाकिसकेको हुन्छ। आगो लगाउँदा पनि बाहिर कालोजस्तो देखिने तर भित्र जस्ताको तस्तै रहन्छ । यतिबेला फडानी गर्दा गाँजाको लस्सा र वजन बिग्रँदैन, जसलाई तस्करहरूले सहजै प्रयोग गर्न सक्छन्, जुन कुराबाट प्रहरी अनभिज्ञ होला भन्ने ठान्नु मूर्खता ठहर्छ। फडानीको नाटक गरेर प्रहरीले ‘डिउटी पूरा गरियो’ भन्ने देखाउन मात्र खोजेको त होइन ? गाँजाखेती प्रहरीकै संलग्नतामा भएको हो कि, आशङ्का उठेपछि यस विषयमा प्रहरीको उपल्लो तहले छानबीन गर्नुपर्छ । गाँजाखेती रोकथामका जिम्मेवार युनिटका प्रमुखहरूमाथि छानबीन हुने हो भने यस किसिमको घटना न्यूनीकरणमा सहयोग पुग्न सक्छ। गाँजाखेती नियन्त्रणका लागि प्रहरीका के कस्ता कारबाइ भयो भन्नेबारे पनि अध्ययन हुनुपर्छ। यसका साथै सम्बन्धित जग्गाका हकभोगकर्तालाई अनुसन्धानको दायरामा ल्याउनुपर्छ।**

**गाँजाखेती नियन्त्रण गर्ने नै हो भने जग्गा प्रयोग गर्ने किसान, जमीनधनी र बिचौलियाहरू पहिचान गरिनुपर्छ । जग्गा मालिकहरू बेखबर रहन सक्छन्, तर प्रहरी अनुसन्धानविना उनीहरूलाई दोषमुक्त गर्न सकिन्न। गाँजाखेती रोक्न हरेक जिल्लाका प्रहरीले, उसको मातहतका एकाइले प्रभावकारी रणनीति बनाएको छ कि छैन ? भन्नेबारे अध्ययन गरी दण्ड र पुरस्कारको नीति विभागले अँगाल्नु जरुरी छ। पाकेपछि फडानी गर्ने शैली होइन, शुरुआतदेखि निगरानी गर्ने नीति ल्याउनुपर्छ । आधुनिक युगमा प्रहरीले चाहने हो भने ड्रोन, सिसिटिभी, स्थानीय सुराकीजस्ता प्रविधि एवं संयन्त्र प्रयोग गरेर गाँजाखेती रोक्न सक्छ । यसका लागि प्रहरीको उत्तरदायित्व थप कडा बनाउनुपर्छ। अवैध गाँजाखेती नियन्त्रण प्रहरीको नैतिक, कानूनी र प्रशासनिक दायित्व हो। लापरवाहीले कानूनी राज्यको अवधारणामैं चुनौती खडा गर्न सक्छ ।**

# कानून र समाजको अन्तरसम्बन्ध

कानूनको उत्पत्ति कहिलेदेखि भएको हो भने यकीन प्रमाण खासै कसैले देखाउन नसके पनि कतिपयले मानवजीवनको सुरुआतसँगै कानूनको उत्पत्ति भएको केहीले तर्क दिने गर्छन्। समाजको उत्पत्ति पनि मानवजीवनको उत्पत्तिसँगै नै भएको भन्छन् । जुन अन्यथा पनि होइन । मानवजीवन विभिन्न विधिबाट बाँधिएको भएपनि केही यस्ता अवस्था पनि थिए, जसमा बलियाको मात्र वास हुन्थ्यो । कमजोरको जीवन सधैं खतरामा नै रहन्थ्यो । जसले जङ्गल राज्यको खतरायुक्त अवस्थालाई झल्काउँथ्यो । मानवजीवन सधैं खतरामा रहेको अनुभव गर्दै उक्त खतराबाट मुक्त हुनलाई सामाजिक करारको सिद्धान्त अनुसार सबैभन्दा बलियो शक्ति निर्माण गर्ने अवधारणाको विकास भयो । जसमा सरकारको गठन गर्ने र सरकारले जसरी पनि जीवनरक्षाको जिम्मा लिने सिद्धान्तको सूत्रपात भयो। त्यसपछिका विद्वान्हरूले सामाजिक करारको सिद्धान्तलाई स्वीकार गर्दै जोन लक जस्ता विद्वान्ले लाइफ लिबर्टी तथा प्रोपर्टीको पनि रक्षाको सवाल उजागर गरे। त्यसपछिका विद्वान्ले आम जनताको प्रतिनिधिलाई सरकारको रूपमा बनाउने तर्क सारे, जुन प्रजातान्त्रिक व्यवस्था हो। जुन अहिले प्रायः मुलुकले अपनाएका छन् ।

राज्य तथा सरकार गठनको मुख्य उद्देश्य सबैलाई बराबर राख्ने हो। कसैले कसैको अधिकारमा आघात पुऱ्याउनबाट रोक्ने हो । सोही आधारमा राज्यहरूले विभिन्न नियमहरू बनाउन थाले, जसले कानूनको रूप लियो र त्यसैले कानून भनेको नियमहरूको सङ्ग्रह हो, जसले मानिसको व्यवहारलाई नियन्त्रण गर्छ भने परिभाषाहरू आए। राजतन्त्रात्मक व्यवस्थामा कानूनलाई राज्यको आदेशको रूपमा मानिए, जसले व्यक्तिवादी प्रणालीलाई बढावा दियो । शक्तिको मादमा दम्भको जन्म भयो । जसले समाजमा विवादको सिर्जना भयो, फलस्वरूप प्रथम तथा दोस्रो विश्वयुद्ध भयो। जसमा अत्यधिक जनधनको क्षति भयो। जसले गर्दा सामाजिक कल्याणका बारेमा विद्वान्हरू सोचन थाले र सामाजिक विधिशास्त्रको उदय भयो । जसको मुख्य उद्देश्य थियो, व्यक्तिवादको समाप्ति र सामाजिक कल्याणको विस्तार। त्यही भएर विद्वान्हरूले कानून समाजको लागि बन्छ र कानूनको प्रभाव पनि समाजउपर नै पर्छ भन्ने विश्लेषण गर्दै समाज र कानूनबीच अन्तरसम्बन्ध रहेको सिद्धान्तहरू आए ।

समाज भएन भने कानूनको आवश्यकता नै पर्दैन । यसर्थ कानून समाजकै लागि र कानूनको प्रभाव पनि समाजउपर नै पर्छ । यसर्थ कानून निर्माताले कानून बनाउँदा समाजको अमनचयनलाई ध्यानमा राख्नुका साथै कानूनले कसैलाई हैरानी परेशानी नगरोस् भन्ने ध्येयका साथ बनाए। कानूनको दुरुपयोगबाट कसैको अधिकारमा आघात नपरोस् भन्नेतर्फ सोच्नै पर्छ। कानूनको प्रकृति परिवर्तनशील भएकोले समयसापेक्ष कानून परिवर्तन हुनु स्वाभाविक भएपनि परिवर्तित कानूनले समाजको अपेक्षालाई पूरा गरेको हुनुपर्छ। नेपालमा लिखित कानूनको सुरुआत जङ्गबहादुर राणाको पालादेखि मुलुकी ऐनको प्रकाशनबाट भई हालसम्म करीब छवटा संविधान बनाइसकेका छौं, जसले कानूनको परिवर्तनशील प्रकृतिलाई नेपालले राम्ररी अनुभव गरेको भन्नै पर्छ।

पहिलेका कानूनले नागरिकलाई धेरै अधिकार दिंदैनथ्यो तर पनि अहिलेको अपेक्षा बढी शान्ति थियो भने आपराधिक गतिविधि पनि न्यून नै थियो । अहिले अत्यधिक कानून हुनुका साथै अत्यधिक अधिकार पनि दिइएको छ तर अत्यधिक अशान्ति एवं आपराधिक गतिविधि पनि हुने गरेका छन् । यहासम्म कि कानूनी लडाइँ लडी पीडितलाई न्याय दिलाउने सामाजिक अभियन्ता पनि आपराधिक सोचका शिकार हुँदैछन्। राजधानी जस्तो कडा सुरक्षा घेराभित्र बहस गरेकै कारण सामाजिक अभियन्ताउपर भौतिक आक्रमण हुनु भनेको समाजमा अमनचयन कायम गर्न वर्तमान कानूनी संरचना असमर्थ रहेको भन्नैपर्छ भने कानून लागू गर्ने शक्ति पनि आफ्नो भूमिकामा सफल रहेको भन्न सकिंदैन । कानूनको उद्देश्यप्राप्तिमा कमजोरी रहेको महसूस गरी सूक्ष्म विश्लेषण गरी सुधार गर्न सक्नुपर्छ । उपरोक्त अराजक अवस्था सिर्जना हुनुको पछाडि विगतभन्दा बढी अधिकार प्रदान भएर पनि होइन । पहिलोको संविधानमा त केवल नागरिक अधिकारको व्यवस्था हुन्थ्यो। नागरिक दायित्वको व्यवस्था संविधानमा थिएन तर अहिलेको संविधानले त एउटा धारामा कानूनी दायित्वको पनि व्यवस्था गरेको छ। अर्थात् कानूनीरूपले व्यवस्था प्रभावकारी हुँदाहुँदै पनि अराजकता बढ्दै जानुले कहीं न कहीं कानून कार्यान्वयनमा समस्या छ।


स्वतन्त्र विचार
अधिवक्ता वीरेन्द्रप्रसाद यादव

**अहिले समाजमा कानून हुँदाहुँदै पनि यस्ता विकृति, विसङ्गति हुनुमा कहीं न कहीं नैतिक शिक्षाको अभाव रहेको भन्नै पर्छ। कानूनको प्रभावको सूक्ष्म विश्लेषणको अभाव भन्नै पर्छ। यसर्थ कानून र समाज अन्तर्सम्बन्धित रहेकोले एकअर्कालाई अन्योन्याश्रित बनाउनुपर्छ। अनिमात्र कानूनको उद्देश्य पूरा हुन्छ।**

कानूनी व्यवस्थाले थोरै भएपनि समाजमा अराजकता तथा आपराधिक मनोबललाई बढावा दिएको भन्नैपर्छ । कसूर नगरेको व्यक्तिलाई फौजदारी कसूरमा नियन्त्रणमा लिई अभियोग दायर गर्नु र सुनवाइपछि सफाइ पाउनु भनेको निर्दोषलाई दुःख दिनु यो पनि कानूनको मनसाय होइन। अदालतले तह तह गरी हक ठहर गरेको देवानी विषयमा पनि अनुचित लेनदेन जस्ता विषयमा प्रशासनमा सुनवाइ गर्नु तथा सम्पत्ति हस्तान्तरणको विषयमा थाहा पाएको मितिले छ महीनाभित्रमा नालेस गर्न सक्ने प्रावधानले २०औं वर्ष पहिला भएको खरीद–बिक्रीमा पनि मुद्दा खेप्नुपर्ने नियमले समाजभित्र असन्तुलन कायम गर्न खोजेको देखिन्छ। मानिस सामाजिक प्राणी भएकोले आइसोलेशनमा कोही बाँच्न सक्दैन । एकअर्कामा निर्भरता हुनैपर्छ। डिभिजन अफ लेबर हुनैपर्छ तर अहिलेको कानूनी व्यवस्था हेर्दा मानिस रोगले थला परे पनि कसैले पनि कर्जा दिई सहयोग गर्न सक्ने अवस्था छैन भने अचल सम्पत्ति खरीद–बिक्री हुन सकिरहेको छैन । दाइजो, तिलकबेगर छोरीको विवाह हुने अवस्था छैन। दाइजो, तिलकको लागि न त कर्जा पाउने अवस्था छ, न त धन–सम्पत्ति बिक्री हुने अवस्था छ। सम्पत्ति हुँदाहुँदै पनि सामाजिक सहयोगबेगर मानिस निस्सासिएका छन् । यसले अशान्ति मात्र होइन अपराध पनि सिर्जना हुन सक्छ ।

फौजदारी कानूनतर्फ हेर्दा नयाँ कानूनको रूपमा आत्महत्या दुरुत्साहनका कानून छन्। अनुचित लेनदेनका कानून छन् । अहिले कुनै व्यक्तिले आत्महत्या गऱ्यो कि आत्महत्या दुरुत्साहनको अभियोग आफन्त वा चिनजानउपर लागेकै हुन्छ। यद्यपि यस्ता कसूर ठहर भएका धेरै कम दृष्टान्त छन्। अनुचित लेनदेनको कसूरको पनि अवस्था उस्तै छ तर ठहर भएका दृष्टान्त कम छ। यसबाट अपराध र अपराधी नियन्त्रणभन्दा बढी निर्दोषले दुःख पाएको भन्नै पर्छ। जसको कुनै विश्लेषण छैन। यस्ता अवस्थाबाट मानिस समाजमा निर्भीक भएर जीवन गुजारा गर्न सहज छ भनी अनुमान गर्न कठिन छ । यो अवस्था कानूनबाट नै सिर्जना भएकोले कानूनको उद्देश्य पूरा नभएको भन्नै पर्छ। अहिले वैवाहिक सम्बन्धको अवस्था हेर्दा १६ वर्ष नपुग्दै केटा र केटी भागी विवाह गर्ने र शारीरिक सम्बन्ध बनाउने गरेका छन्। दुवैको सहमतिले सम्बन्ध बने पनि केटा पक्ष वैधानिक बलात्कारको शिकारमा कारागार जीवन बिताउने बाध्यता छ भने केटीको पनि जीवन सुखद देखिन्न । यस्ता विवाद समाजमा अत्यधिक हुने गरेको अवस्था छ।

अहिले सम्बन्धविच्छेद, घरेलु हिंसालगायतका मुद्दाहरूको सङ्ख्या बढ्नुबाट समाजमा सुखी परिवारको सङ्ख्यामा कमी आएको भन्नै पर्छ । विगतमा मानिस त्यति पढे लेखेका थिएनन् तर यस्ता सामाजिक अराजकता पनि त्यति थिएन तर अहिले महिला र पुरुष दुवै शिक्षित भएका छन् । दुवैले आयआर्जन गरेका छन्। अहिले विगतको तुलनामा आर्थिक अभाव पनि छैन तर सामाजिक विवाद बढ्नुमा कहीं न कहीं व्यवस्थापन गर्न नसकिएकै हो । प्राचीनकालमा नैतिक कानूनलाई जोड दिइएको थियो तर आधुनिककालमा नैतिकतालाई कानूनबाट अलग गरियो, जसले गर्दा विश्वयुद्धहरू भए । निकै धनजनको क्षति भएपछि पुनः विद्वान्हरूले नेचुरल लको रिभाइवलको सवाल उठाए। यसर्थ आधुनिक कानूनमा मानवनिर्मित कानून तथा नैतिकताको समिश्रण छ। अहिले समाजमा कानून हुँदाहुँदै पनि यस्ता विकृति, विसङ्गति हुनुमा कहीं न कहीं नैतिक शिक्षाको अभाव रहेको भन्नै पर्छ। कानूनको प्रभावको सूक्ष्म विश्लेषणको अभाव भन्नै पर्छ। यसर्थ कानून र समाज अन्तर्सम्बन्धित रहेकोले एकअर्कालाई अन्योन्याश्रित बनाउनुपर्छ। अनिमात्र कानूनको उद्देश्य पूरा हुन्छ।

# सरस्वतीको मूर्ति निखार्दै मूर्तिकार

महोत्तरी, १७ माघ/रासस

वसन्तपञ्चमी पर्व नजीकिंदै गर्दा महोत्तरीमा अहिले सरस्वतीका मूर्ति बनाउनेको व्यस्तता बढेको छ । आउने सोमवार मनाइने सरस्वती पूजनोत्सव पर्वका लागि बनाइएका मूर्तिमा अहिले मूर्तिकार त्यसमा निखार ल्याउनमा व्यस्त छन् ।

अबको चौथो दिन पर्व नै परेको हुँदा त्यस अघिका तीन दिनभित्र बनेका मूर्ति बेचिसक्नुपर्ने मूर्तिकारलाई समयसीमा छ। त्यसैले अहिले आउने आइतवारसम्म मूर्ति तयार हुनेगरी काममा लागिएको मूर्तिकार बताउँछन् । यसपालि माघ लागेर पनि राम्ररी घाम नलाग्दा माटो मुछेर बनाइएका मूर्ति सुक्न समय लागेको मूर्तिकारको भनाइ छ ।

“मूर्ति सुक्न समय लाग्यो, राम्ररी नसुकी रङरोगन हुँदैन,” मूर्ति आकर्षक बनाउन तल्लीन भङ्गाहा–४ का रामचन्द्र महरा भन्छन्, “अब रङरोगनको काम थालिन्छ ।” पूजनोत्सवका लागि मूर्ति लैजानेहरूले दुई दिन अघिदेखि लान थाल्ने रामचन्द्र बताउँछन् ।

धानको पराल र काँस (कास प्रजातिको एक प्रकारको खर वनस्पति)को लुइँठो बटार्दै सरस्वती आकारमा ढालेर मुछेको माटोले लेपन गरी तयार गरिने मूर्ति घाममा राम्ररी सुकेपछि रङरोगन लगाउन मिल्ने हुन्छ। यो काम मूर्तिकारले


तस्वीरः रासस

पर्वभन्दा केही साता पहिले थाले पनि यसपालि माघको दोस्रो सातासम्मै राम्ररी घाम नलाग्दा मूर्ति सुक्न समय निकै लागेको यहाँका सबैजसो मूर्तिकारको गुनासो छ । वसन्तपञ्चमी र श्रीपञ्चमीसमेत भनिने माघ शुक्ल पञ्चमीका दिन उल्लासका साथ सरस्वती पूजनोत्सव मनाइने मैथिल परम्परा छ।

पर्वका अवसरमा मधेसका महोत्तरीसहितका प्राचीन मिथिला क्षेत्रमा बस्तीबस्तीका शिक्षण संस्थाले उल्लासमय वातावरणमा सरस्वती पूजनोत्सव पर्व मनाउने परम्परा छ। शिक्षण संस्थामा मनाइने मुख्य सांस्कृतिक पर्वलाई विशेष बनाउन अहिले सबै अन्तिम तयारीमा जुटेका छन् । मिथिलामा ससाना नानीहरूको अक्षरारम्भ वसन्त पञ्चमीकै दिन गरिने हिन्दू परम्पराले यो पर्व खास बन्दै आएको छ । शिक्षण संस्थाबाहेक कतिपय व्यक्तिले आफ्नै घरमा सरस्वती पूजनोत्सव अनुष्ठान गर्ने हुँदा यो बेला सरस्वतीका मूर्तिको माग निकै हुने गरेको छ ।

“यसपालि २५ विद्यालयले मूर्ति माग गरेका छन्, यसबाहेक पनि केही मूर्ति बिक्ने गर्छ,” औरही–२ फूलबरिया बस्तीका कैलाश महरा भन्छन्, “वर्षभरिका केही पवनी (पर्व)ले हाम्रो पेशा धानिंदैछ।” हिन्दू परम्पराका यस्ता मूर्ति पूजा गरिने पर्वमा सम्बद्ध देवीदेवता अतिरिक्त गणेशको मूर्ति अनिवार्य हुने हुँदा कमसेकम दुईवटा मूर्ति बिक्ने कैलाशको भनाइ छ ।

“अहिले सरस्वती पूजाको बेला छ, त्यसैले अहिले सरस्वती र अर्को गणेशको मूर्ति जान्छ,” कैलाशले भने। वर्षभरिका कृष्णजन्माष्टमी, विश्वकर्मा पूजा, दशैंमा दुर्गापूजा र वसन्तपञ्चमी मूर्ति बिक्ने पर्व हुन् । यी पर्वमा बिकेका मूर्तिको आर्जनले वर्षभरिको नगद खर्चको जोहो हुने गरेको कैलाशकै छिमेकी मूर्ति बनाउने पेशाकै दिनेश महरा बताउँछन् ।

सरस्वती पूजनोत्सवमा एक/दुई साता पहिलेदेखि नै मूर्तिकारको व्यस्तता बढ्छ । मूर्तिका लागि माटो छान्ने,

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## नेपालको आर्थिक भविष्य उज्ज्वल छ

अर्थविशेष



विश्वराज अधिकारी

akoutilya@gmail.com

**अस्थिर राजनीति र अनुभवहीन नेताहरूले गर्दा आर्थिक विकासको गति अहिले सुस्त हुन पुगेको हो। हाम्रो राजनीति स्थिर र नेताहरू अनुभवी एवं त्यागी भएपछि नेपालको आर्थिक विकासको गतिमा तीव्रता आउने छ। नेपालमा अवश्य पनि आर्थिक विकास हुनेछ। नेपाली धनी हुनेछन्।**

नेपालमा राजनीतिक स्थिरता छैन। नेताहरूमा इमानदारी छैन। पद र सत्ता लोलुप नेताहरूको स्वार्थी व्यवहारले गर्दा देशमा आर्थिक विकास भइरहेको छैन। देशभित्र रोजगार छैन। रोजगारका लागि दिनहुँ ठूलो सङ्ख्यामा युवाहरू देश छोडिरहेका छन्। शहर वा गाउँका घरहरू युवाविहीन भएका छन्।

देशभित्र उद्योग एवं व्यापारको स्थिति चौपट छ। उद्योगहरू बन्द हुँदैछन्। कृषिको स्थिति दयनीय छ। हामी दाल, चामल, फलफूल पनि आयात गर्ने स्थितिमा छौं। भारतबाट खाद्यान्न, ऊर्जा (पेट्रोलियम पदार्थ), औषधि आयात नगर्ने हो भने हामी बाँच्न सक्दैनौं।

आर्थिकरूपमा नेपाल जर्जर हुन पुगेको छ। विदेशमा काम गरिरहेका नेपालीहरूले रेमिट्यान्स नपठाउने हो भने नेपालमा कर्मचारीहरूलाई तलब दिन पनि रकम नपुग्ने स्थिति छ। नेपालभित्र उठ्ने करले साधारण खर्च पनि भुक्तान गर्न सकिँदैन। विकास खर्चका लागि अनिवार्यरूपले वैदेशिक ऋण लिनुपर्ने स्थिति छ। देशको टाउकोमा ठूलो ऋणभार छ। सन् २०२२ सम्म प्रत्येक नेपालीको शिरमा ऋण भार लगभग रु ७० हजार थियो भने अहिले त्यो वृद्धि भएर (सन् २०२४) लगभग रु ८२ हजार हुन पुगेको छ।

रोजगार दिने नसक्ने स्वदेशका विश्व विद्यालयहरूको शिक्षा प्रणालीबाट निराश भएका नेपाली युवाहरू कलिलो उमेरमा नै अध्ययनका लागि विश्वका अनेकौं देशका कलेज एवं विश्वविद्यालय पुगिरहेका छन्। नेपालका कलेजहरूमा विद्यार्थीहरूको सङ्ख्यामा ठूलो कमी आएको छ। प्लस टु गर्नेबित्तिकै नेपाली युवाहरू विदेशका कलेजहरूमा पढ्न पुगिरहेका छन्। तिनका लागि देशले ठूलो मात्रामा वैदेशिक मुद्रा (डलर) भुक्तान गर्नुपरिरहेको दुःखद स्थिति छ। यदि ठूलो सङ्ख्यामा नेपालीहरू अध्ययनको लगि विदेश जाने स्थिति नभएको भए यत्रो विदेश मुद्रा खर्च गर्नुपर्ने थिएन। उक्त विदेशी मुद्रा नेपालको आर्थिक विकासमा खर्च गर्न सकिन्थ्यो।

अहिले जनस्तरमा चरम निराशा छ। नेपालमा आर्थिक विकास होला भनी आशासमेत गर्न नेपालीहरूले छाडिसकेका छन्। सन्तानमात्र अहिले विदेश जाने हतारमा छैनन्, अभिभावकहरू पनि पठाउने हतारमा छन्। अभिभावकहरूले पनि आफ्ना सन्तानको भविष्य देशभित्र सुरक्षित देखिरहेका छैनन्। बिछोडको स्थिति सहन गरेर पनि, छातिमा ढुङ्गा राखेर पनि, अभिभावकहरू आफ्ना सन्तानलाई विदेश पठाउन इच्छुक छन्।

उद्योग, व्यापार, सेवा देशको कुनै पनि आर्थिक क्षेत्रमा अब आउँदा दिनहरूमा प्रगति होला भनी नेपालीहरूले आशा गर्न छाडिसकेका छन्। सुखी र खुशी जीवन पाउन केवल एक विकल्प–विदेश जानु भएको छ।

माथि गरिएका केवल निराशाजनक कुरा हुन्। तर निराशाले मात्र जीवन चल्दैन। देशको आर्थिक विकास हुँदैन। देशको आर्थिक विकासका लागि सर्वप्रथम हरेक नागरिक निराशाबाट मुक्त हुन जरुरी छ। निराशाका कुरामात्र गर्नुहुँदैन। हामीले आशाको पनि खोजी गर्नुपर्छ।

हाम्रो स्थिति सदा निराश हुने किसिमको छैन। भोलिका दिन सुखद हुने आधारहरू धेरै छन्। भोलिका दिनमा नेपालमा आर्थिक विकासको गतिले तीव्रता लिने आधारहरू थुप्रै छन्। के–के हुन् त ती आधारहरू–

समाचारहरूले जनाए अनुसार अहिले करीब १ करोड नेपाली मुलुक बाहिर छन्। अध्ययन र आर्जनका लागि विश्वका अनेक देश पुगेका छन्। केही अपवाद बाहेक, केही वर्षपछि ठूलो सङ्ख्यामा नेपाल बाहिर रहेका नेपालीहरू फर्कने निश्चित छ। जब ठूलो सङ्ख्यामा नेपालीहरू सीप, शिक्षा र पूँजीसहित स्वदेश फर्कनेछन् उनीहरूले त्यो सीप, शिक्षा र पूँजी स्वदेशको आर्थिक विकासमा प्रयोग गर्नेछन्। यो कल्पनाको कुरा होइन। अहिले संसारका अनेक देश पुगेका भियतनामका नागरिकहरू स्वदेश फर्कँदैछन्। यसैगरी आइटीमा राम्रो शिक्षा पाएका भारतीय युवाहरू संसारका अनेक मुलुकबाट स्वदेश फिर्दैछन्। भारतमा नै उनीहरूले राम्रो अवसर देखिरहेका छन्। अफ्रिकी देश अंगोलामा पनि, संसारका अनेक मुलुक पुगेका नागरिकहरू स्वदेश फर्कँदै छन्। यस्तै स्थिति अफ्रिका अन्य देशमा पनि देखिएको छ। संसारका अन्य मुलुकका घटनालाई उदाहरण मानेर हेर्दा नेपालीहरू भविष्यमा स्वदेश फिर्ने कुरामा विश्वास गर्न सकिन्छ।

आर्जन र नौलोपनाले गर्दा विदेशको बसाइँ रोमाञ्चक लागे पनि कालान्तरमा त्यो आकर्षण विकर्षणमा रूपान्तरित हुन्छ। स्वदेशजस्तो सामाजिक वातावरण पाउन कुनै पनि व्यक्तिलाई कठिन हुन्छ। अहिले देश बाहिर रहेका नेपालीहरूले विदेशको बसाइँलाई रोमाञ्चक मानिरहेका छन्। तर यो रोमाञ्चकताको आयु लामो हुँदैन, हुनेछैन। नेपालीहरूमा स्वदेश फिर्ने रहर स्वतः उत्पन्न हुन्छ, हुनेछ। उदाहरणका लागि, कुनै समय रोजगार एवं व्यापारका लागि बर्मा पुगेका धेरै नेपालीहरू पछि नेपाल फर्केका थिए। बर्माबाट नेपाल फर्केका धेरैको बसोवास भैरहवाको एक स्थानमा रहेको हुनाले त्यस स्थानको नाम नै 'बर्मेली टोल' राखिएको छ। यसैगरी भारतबाट पनि थुप्रै नेपाली नेपाल फर्केको उदाहरण पनि अनगिन्ति छ। मानिसहरू स्वदेश फर्कन इच्छुक हुन्छन् भन्ने कुरा हवाई कल्पना होइन, स्वयं यो लेखकले बोध गरेको यथार्थ हो। केही स्वेच्छा र बढी बाध्यताले गर्दा व्यक्तिहरू दूर देश पुगे तापनि उनीहरूको इच्छा भने आफ्नै देश फिर्ने रहेको हुन्छ।

नेपालको राजनीति अहिले अति अस्थिर देखिएको छ तर त्यस्तो सदाकाल रहने छैन। हाम्रा राजनीतिक दल र तिनका नेताहरू पनि बिस्तारै अनुभवी हुँदै जान्छन्। परिस्थितिले पनि उनीहरूलाई अनेक शिक्षा दिन्छ र उनीहरूले सिक्छन् पनि। नेताहरूमा पनि परिपक्वता आउँछ र उनीहरूको नेतृत्व शैलीमा पनि परिपक्वता आउँछ।

अङ्ग्रेजबाट मुक्त भएपछि भारत पनि कुनै समय, राजनीतिकरूपमा ज्यादै अस्थिर हुन पुगेको थियो। अहिले यति स्वतन्त्रता उपभोग गरिरहेका भारतीयहरूले कुनै समय प्रधानमन्त्री इन्दिरा गाँधीको 'इमरजेन्सी' भोग्नुपरेको थियो। नसबन्दी देख्नुपरेको थियो। एक समय भारतमा छ–छ महीनामा प्रधानमन्त्री फेरिने स्थिति थियो। तर भारतीय राजनीति र नेताहरू अनुभवी हुँदै गएपछि अहिले भारतको राजनीतिले स्थिरता प्राप्त गरेको छ। र त्यही राजनीतिक स्थिरताको बलमा भारत अहिले विश्वको पाँचौं ठूलो (जिडिपी ३.३८५ ट्रिलियन डलर) अर्थतन्त्र हुन पुगेको छ। भारतले यस्तै राजनीतिक स्थिरता निरन्तर पाउने हो भने भविष्यमा भारत विश्वको दोस्रो ठूलो अर्थतन्त्र हुने सम्भावना छ। बौद्धिक क्षमता र प्राविधिक दक्षतामा भारतका नागरिकहरू विश्वका विकासशील देशका नागरिकको तुलनमा निकै–निकै अगाडि छन्।

नेपालको राजनीति परिपक्व हुँदै गएपछि, नेताहरू पनि अनुभवी हुँदै गएपछि नेपालको राजनीतिमा स्थिरता आउने छ। आर्थिक विकासको गतिमा पनि तीव्रता आउने छ। यो कुरा विश्वासका साथ भन्न सकिन्छ।

निराशा जगाउनु ठूलो कुरा होइन। निराशा जगाएर आफ्नो स्वार्थ पूरा हुन सक्छ तर निराशा जगाउने कार्यले देश र जनतालाई नै बर्बाद पार्छ। अहिले नेपालमा त्यही भइरहेको छ। जानेर वा नजानेर धेरै नेपालीहरूले निराशा उत्पादन गर्ने काम गरिरहेका छन्, निराशा उत्पादन गर्ने कारखाना नै खोलेजस्तो छ। हामी प्रत्येक दिन निराशा उत्पालन गर्ने कार्यमा लागेजस्तो छ।

सन्दर्भ परिवर्तन गरौं। एउटा साधारण उदाहरण प्रस्तुत गरौं। अहिले अध्ययन र आर्जनका लागि कानूनी र गैरकानूनीरूपमा विश्वका अनेक देशहरूमा पुगेका नेपाली विद्यार्थीहरूमध्ये धेरैको भविष्य अनिश्चित हुन पुगेको छ। कहाँ र कसरी ? यो प्रश्नको उत्तर खोज्न म आदरणीय पाठकहरूलाई समाचारहरू पढ्न, सुन्न र हेर्न विनम्र अनुरोध गर्दछु।

आर्थिक विकासको दृष्टिकोणले, भोलिका दिनहरू नेपालका लागि सुन्दर छन्। सुखद छन्। आर्थिक विकासका लागि आवश्यक पर्ने अनेक पूर्वाधारहरू हामीसँग पर्याप्त मात्रामा छ। प्राकृतिक स्रोत र साधन पनि पर्याप्त मात्रामा छ। हाम्रो राष्ट्रिय जलवायु पनि आर्थिक विकासका लागि अनुकूल छ। आर्थिक विकासका लागि आवश्यक पर्ने लगभग सम्पूर्ण कुराहरू नेपालमा पर्याप्त मात्रामा छन्। अस्थिर राजनीति र अनुभवहीन नेताहरूले गर्दा आर्थिक विकासको गति अहिले सुस्त हुन पुगेको हो। हाम्रो राजनीति स्थिर र नेताहरू अनुभवी एवं त्यागी भएपछि नेपालको आर्थिक विकासको गतिमा तीव्रता आउने छ। नेपालमा अवश्य पनि आर्थिक विकास हुनेछ। नेपाली धनी हुनेछन्।




**एभोकाडो व्यापारः** भोजपुरको हतुवागढी गाउँपालिका–५ होम्ताङमा रहेको नुयुङ कृषि तथा पशुपालन फर्ममा उत्पादन भएको एभोकाडो बजारमा पठाउन प्याकेजिङ गर्दै किसान। यहाँ उत्पादनको भएको एभोकाडो भोजपुर सदरमुकामसँगै धरान, विराटनगर, काठमाडौंलगायतका शहरमा जाने गरेको छ। तस्बिरः युवराज विष्ट/रासस

## निर्यात बढाउन व्यवसायीलाई प्रधानमन्त्रीको आग्रह

काठमाडौं, १७ माघ/रासस

प्रधानमन्त्री केपी शर्मा ओलीले ठूलो मात्रामा उत्पादन गरेर छिमेकी भारत र चीनलगायत अन्तर्राष्ट्रिय बजारमा निर्यात बढाउने अवस्था सृजना गर्न उद्योगी–व्यवसायीलाई आग्रह गरेका छन्।




नेपाल चेम्बर अफ कमर्सद्वारा भृकुटीमण्डपमा आयोजित आठौं अन्तर्राष्ट्रिय चेम्बर एक्स्पोको उद्घाटन समारोहमा उनले निर्यात बढाउन ठूलो मात्रामा उत्पादन गर्न र कुन चीज कहाँ बिक्री हुन्छ भन्ने थाहा पाएर त्यस अनुसारको व्यापारवृद्धि गर्न सक्नुपर्नेमा जोड दिए।

पूर्वाधार विकासको क्रम जारी रहेकाले नेपाल अझ तीव्रताका साथ अगाडि बढ्ने बताउँदै प्रधानमन्त्री ओलीले बहुतै असहज राजनीतिक अस्थिरताजस्ता कुराले अर्थतन्त्रलाई प्रतिकूल असर परेको बेला त्यसलाई लयमा फर्काउन नयाँ सरकार बनेकाले सन् २०२६ मा नेपाललाई मध्यमस्तरको आय भएको मुलुकमा स्तरोन्नति गर्ने तयारीमा भएको जनाए।

पूर्वाधार विकासका क्रममा सरकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई बुटिक विमानस्थल बनाउँदै अन्य विमानस्थल विस्तारका साथै नदीको बाटोबाट समुद्रसम्म पहुँच विस्तार गराउने काम भइरहेकाले यी सबै उद्योग–व्यवसायको विकास तथा मुलुकलाई सम्पन्न बनाउनका लागि थालिएको स्पष्ट गरे।

"अहिले हामीले व्यापारको जुन आँकडा तयार गरिरहेका छौं, त्यो वास्तविक छैन। खपतका लागि किनेको वा आयात गरेको कार्यलाई मात्रै व्यापार मान्न सकिँदैन," प्रधानमन्त्री ओलीले भने, "हामी विज्ञान र प्रविधिको प्रयोग गरेर विभिन्न सामाजिक क्रियाकलाप र उत्पादन बढाउन लाग्नुपर्नेछ। अहिलेको सरकार अर्थतन्त्रको विकासका लागि अत्यन्तै गम्भीरताका लागि लागिरहेको छ।"

नेपाललाई न्यून आय भएको मुलुकबाट स्तरोन्नति गराउन सबै जुट्नुपर्ने आग्रह गर्दै प्रधानमन्त्री ओलीले आफू सप्रिउँ र देशलाई पनि सपारौं भन्ने लक्ष्यका साथ चेम्बर एस्क्पो भएकामा खुशी व्यक्त गरे।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सरकारले कृत्रिम बौद्धिकताबारे नीतिगत स्पष्टता गरी कानूनी प्रबन्ध गर्ने र सूचना प्रविधि क्षेत्रको व्यावसायिक विकासका लागि सरकारले ल्याएका अध्यादेश उपयोगी हुने बताए।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले सरकारले हालै ल्याएका विभिन्न अध्यादेशले उद्योग–व्यवसाय क्षेत्रमा सकारात्मक आशा प्रवाह भएको बताए।

नेपाल चेम्बर अफ कमर्सद्वारा आयोजित 'आठौं अन्तर्राष्ट्रिय व्यापार मेला–२०२५' आजदेखि भृकुटीमण्डपमा शुरू भएको छ। पाँच दिनसम्म चल्ने एक्स्पो कम्तीमा ५० हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ।

स्वदेशी र विदेशी गरी १२५ भन्दा बढी स्टल एक्स्पोमा छन्। एक्स्पोमार्फत स्थानीय उत्पादनको प्रवर्द्धन एवं बजारीकरण तथा व्यापार अभिवृद्धि गर्ने उद्देश्य रहेको चेम्बरका अध्यक्ष अग्रवालले बताए।

उनका अनुसार एक्स्पोमा यस वर्ष अन्तर्राष्ट्रियस्तरको 'सफ्टवेयर' र 'एआई' परियोजना आर्कषणको केन्द्रको रूपमा रहेका छन्। मुलुकमा अन्तर्राष्ट्रियस्तरको प्रदर्शनी कक्ष निर्माण गर्न अविलम्ब पहल गरिनुपर्ने र यसका लागि सरकारसँग सहकार्य गर्न नेपाल चेम्बर अफ कमर्स सदैव तयार रहेको अध्यक्ष अग्रवालले बताए।

एक्स्पोमा कृषिजन्य वस्तु, हस्तकला, लत्ताकपडाका सामान, अटोमोबाइल, इलेक्ट्रोनिक्स, घरेलु उपकरण, कपडा, फर्निचर, गार्मेन्ट, छालाका सामान, गहनाका सामान, सौन्दर्य प्रसाधन सामग्रीलगायतका प्रदर्शनी आगन्तुकका लागि आकर्षणको केन्द्र बन्न सक्ने विश्वास गरिएको छ। एक्स्पोमा नेपाल, बङ्गलादेश, भारत, चीन, थाइल्यान्ड, युएई, दक्षिण कोरिया, मलेशिया, पाकिस्तानलगायतका व्यवसायीले आआफ्नो देशमा उत्पादित वस्तुसहित सहभागिता जनाएका छन्।



**सुन्तलाको व्यापारः** अर्घाखाँचीको सन्धिखर्क–१ मा रहेको फलफूल डिपोमा बिक्रीका लागि काठमाडौं र मकवानपुर पठाउन सुन्तला ग्रेडिङ र तथा प्याकेजिङ गरिँदै। तस्बिरः प्रेमनारायण आचार्य/रासस

# गाँधीको अन्तिम उपवास र हत्याको दुःखद घटना

विचार



**सञ्जय पन्थी**

**उनको हत्यासँग जोडिएको सवालमा भारतमा अहिलेसम्म राजनीति हुँदै अएको छ। गाँधीको हत्याराको पक्षपोषण गर्ने शक्ति (दल) भाजपा अहिले भारतको सत्तामा छ। हत्यारा नाथुराम गोड्से थियो भने योजनाकार वीर सावरकर।**

महात्मा गाँधी जीवनका अन्तिम दिन साह्रै निराश हुन पुगेका थिए। दैनिक बिहान र साँझ प्राथना गर्थे। प्रार्थनापछिको व्याख्यानमा आफ्नो मृत्युको पुकारा गरिरहन्थे। कारण, देशमा स्वतन्त्रतापछिको बर्बरताको साक्षी बन्नुपर्दा उनी दुःखी थिए। हिन्दू र मुस्लिम समुदायबीच द्वन्द्व चलिरहेको थियो। भारत अशान्त थियो। राजनीतिमा आफैंले विश्वास गरेका व्यक्ति शासक थिए तर उनको विचारको सुनवाइ भइरहेको थिएन।

गाँधीको जीवनमा २४ वर्षसँगै व्यतीत गरेका स्व नारायणभाइ देसाईंका अनुसार गाँधीको जीवनको अन्तिम आमरण अनशन १३ जनवरी १९४८ मा बिहान ११:५५ बजे बिडला हाउस दिल्लीमा भएको थियो। त्यसो त जातीय दङ्गा र विभाजनले आक्रान्त तत्कालीन भारतमा समाधानका अथक सूत्र उनी साबित थिए। त्यसैले उनले जनवरी १२ मा नै आफ्नो अनशन घोषणा गरे, दिल्लीमा हिंसा नरोकिएको भन्दै शान्तिका लागि उनी अनशन बसेका थिए। उनले भनेका थिए– मेरा सबै अपील व्यर्थ साबित भएका छन्। मलाई डर छ, कतै यो हिंसा विस्फोट हुने त हैन। त्यसैले भोलि बिहानदेखि मेरो अनिश्चितकालीन अनशन शुरू हुनेछ। म अहिंस्रक व्यक्ति हुँ र अहिंस्रक व्यक्ति असहाय हुन सक्दैन, उसले हार स्वीकार गर्न सक्दैन र त्यसैले म आफूलाई क्रूसमा अर्पण गर्दैछु। म अहिंसाको साधक भएकाले ममा कुनै कमी छ कि भनेर परीक्षण गर्नको लागि पनि मैले यो साधना गर्नुपर्छ।

गाँधीको अनशनको दिन, बिडला हाउसमा भारतीय र विदेशी पत्रकारको यति ठूलो भीड थियो कि त्यस अनशनले एउटा नयाँ आयाम कायम गरेको थियो, जुन उनको कलकत्ता अनशनमा त्यति व्यापक थिएन। पत्रकार छक्क परे किन गाँधीले अचानक एक दिन अगाडि नै यो उपवास घोषणा गरे ? केही मानिस भन्दै थिए कि गाँधीले मुस्लिमका लागि यो अनशन गरे, केही मानिस भन्दै थिए, कि गाँधीले पाकिस्तानलाई ५५ करोड रुपियाँ दिलाउन। तर बिडला भवनको आँगनमा घाम तापेर सुतिरहेका ७८ वर्षीय गाँधीका लागि यी कुरा सामान्य थिए। गाँधीलाई देशवासीको पीडा राम्ररी जानकारी थियो र शायद त्यसैले उनले हिंसा विस्फोटको खतरा महसूस गरेका थिए। हिंसालाई नजीकबाट उनले नियालिरहेका थिए। उनले आफ्नो ज्यान बलिदान दिएर भएपनि यो देश र दिल्ली बचाउनुपर्छ भन्ने महसूस गरे।

गाँधीको अनशन उनको अन्तःस्करणको आवाज थियो, केवल उनले मात्र महसूस गरे। हिंसाको ज्वालामा उनले घोर अन्धकार महसूस गर्दै उनले त्यस्तो निर्णय गर्नुपरेको थियो। त्यसो त उनले सधैं आफ्नो उपवासको कारण सार्वजनिक गर्थे। उनले आफैंले त्यो व्रतका शर्तहरू तय गरे र जनतासामु राखे। उनले यसलाई आत्मनिरीक्षण वा आत्मशुद्धिको सबैभन्दा ठूलो माध्यम बनाए। ७८ वर्षीय वृद्ध गाँधी १३ जनवरी १९४८ देखि १८ जनवरी १९४८ सम्म दिल्लीमा आमरण अनशनमा बसे। त्यसले हङ्गामा नै मच्चियो। १९४८ मा आफ्नो अन्तिम आमरण अनशनमा गाँधीले सम्पूर्ण विश्वलाई दिएको स्पष्ट सन्देश यो थियो कि 'आत्मविश्वासले भरिएको व्यक्ति कहिल्यै डराउँदैन।' त्यसैगरी, आत्मविश्वासले भरिएको देश पनि डराउँदैन। गाँधीका उपवासको बारेमा विश्वभर व्यापक अनुसन्धान भएको छ र भइरहेको छ।

अनि जो डराउँदैन, उसको मनमा कसैप्रति घृणा हुँदैन। डर कमजोरीको सङ्केत हो। नैतिक आत्मविश्वासको कमीबाट डर उत्पन्न हुन्छ। स्व नारायणभाइ देसाईंका अनुसार गाँधीको अन्तिम उपवासलाई केही मानिसले जेसुकै भनून्, तर सारा संसारले यो विश्वास गर्छ कि गाँधीको अन्तिम उपवासले देशलाई अराजकताको आगोबाट बचाएको थियो। गाँधीले जस्तै उपवास बस्नु सबैको वशको विषय र शक्ति हुँदैन। उपवास बस्नको लागि व्यक्तिले आफ्ना विश्वासजनबाट अधिकार प्राप्त गर्नुपर्छ, त्यसको लागि व्यक्तिले आफ्नो सम्पूर्ण जीवन मानिसको सुख–दुःखमा समर्पित गर्नुपर्छ। स्वतन्त्रतापछि कुनै पनि नेताले त्यसो गर्न सक्दैनथ्यो र गरेनन् पनि।

गाँधी शान्ति प्रतिष्ठान दिल्लीका अध्यक्ष कुमार प्रशान्तले गान्धी आफ्नो हत्या हुनुभन्दा एक वा दुई दिन अघि उनले अर्को कठिन काम गर्ने सोचिरहेको घटना सुनाउँछन्। उनी चाहँदैनथे कि भारतको छिमेकमा सधैंको लागि स्थायी शत्रु रहोस्। त्यस कारण तिनीहरूले मारिएका र पाकिस्तानबाट धपाइएका हिन्दू र सिखहरूलाई फिर्ता लिनेछन्, र मारिएका र यहाँबाट धपाइएका मुस्लिमलाई पाकिस्तानबाट फिर्ता ल्याउनेछन्। त्यसैले उनले सुशीला नायरलाई जिन्नाकहाँ पठाएका थिए। शर्त थियो कि उनी हिन्दू र सिखहरूसँग पासपोर्ट र भिसाविना पाकिस्तान आउन चाहन्छन्। यदि जिन्नालाई यो गलत र गैरकानूनी लाग्यो भने उनले उनलाई पक्राउ गरेर जेल हाल्न सक्थे। जब सुशीला नायर जिन्नाकहाँ पुगिन्, जिन्नाले त्यस बखत भनेका थिए, तिमी गिरफ्तारीको कुरा गर्छौं, गाँधी पाकिस्तानमा जतिबेला पनि जहाँ चाहन्छन् त्यहाँ आउन वा जान सक्नेछन्। तर म अनुरोध गर्छु कि यहाँ गाँधीजीको सुरक्षाको जिम्मेवारी पाकिस्तान प्रहरीले लिनुपर्छ किनभने यदि पाकिस्तानमा गाँधीजीलाई केही भयो भने पाकिस्तानको नाम नक्शाबाट मेटिनेछ। दुर्भाग्यवश गाँधीले यो गर्नुपरेन। तर पाकिस्तान भारतका लागि सधैंको लागि समस्या बन्यो। आज पनि भारतमा गाँधी जस्तै बन्ने चाहना र आकाङ्क्षी देखिन्छन् तर कोही उपवास बस्यो भने पनि केही हुँदैन, त्यो अवस्था पनि छैन।

गाँधीको जतिसुकै विरोध गरे पनि आज कतिपय व्यक्ति गाँधी बन्ने चाहना राख्नेछन् र त्यस्तो चाहना राख्ने सधैं रहनेछन्। उनी हाम्रो सबैभन्दा ठूलो आदर्श हुन्। सम्पूर्ण संसारको लागि एक आदर्श साबित छन्। यसमा विश्वका लागि हरेक नेताले आफूलाई उनीसँग तुलना गर्छन्। गाँधी वर्तमान भारतसँग जोडिएका र कहिल्यै विस्मृत नहुने पात्र हुन्। हामी विश्वास गर्न सक्दैनौं कि मोहनदास गाँधी १९४७ भन्दा पहिले अस्तित्वमा थिए वा आज।

त्यस दिन पनि गाँधीको नित्य प्रार्थनाको समय साँझ ५ बजे थियो। तर त्यस दिन गृहमन्त्री बल्लभभाइ पटेल भेट्न आएकाले १५ मिनेट ढिला भएको थियो। कुराकानीको विषय गम्भीर भएकाले पनि उनले भेटघाटलाई अतिरिक्त समय दिए। प्रार्थनाका लागि जुटेका करीब दुई सय ५० जना धैर्यधारण गरिरहेका थिए।

भेटघाटपछि उनी नातिनी आभा र मनुको काँधमा हात राखेर प्रार्थनासभातर्फ लम्किरहेका थिए। सँगसँगै ढिलाइ भएकामा आफ्ना सेविका एवं नातिनीलाई झपार्दै थिए। नातिनीले भनिन्, "त्यति महत्त्वपूर्ण व्यक्तिसँग गम्भीर विषयमा छलफल चलेको थियो, कसरी तपाईंलाई प्रार्थनाको समय भयो भनेर अत्याउन सक्थ्यौं र ?" गाँधीले जवाफ फर्काए, "नर्सको कर्तव्य बिरामीलाई समयमैं औषधि सेवन गराउनु हो, ढिलाइ भयो भने बिरामी मर्न पनि सक्छ।"

त्यही नै उनको जीवनको अन्तिम संवाद हुन पुग्यो। उनी मञ्चतर्फ उक्लँदै उपस्थित जनको नमस्ते फर्काउँदै थिए। गाँधी तीन/चार सिंढी मात्र के चढेका थिए, नाथुराम गोड्से भीडमा हत्याको तयारीसाथ प्रतीक्षारत रहेछ। उसले केही झुकेजस्तो गरी गोजीबाट बन्दुक निकालेर गाँधीको छातीमा गोली बर्सायो। गाँधीले अन्तिम समयमा 'हे राम, हे राम' मात्र भनिरहे। उनको तत्काल निधन भयो।

देसाईंका अनुसार छैटौंपटकको प्रयासमा उनको हत्या भएको हो। आज त्यही दिन हो, ३० जनवरी। विश्वकै इतिहासमा क्रूर अनि बीभत्स दिनका रूपमा दर्ज छ। सन् १९४८ जनवरी ३० तारिखको साँझ ५:१७ (भारतीय समय) मा गाँधीको अकल्पनीय हत्या भयो। गाँधीलाई मुस्लिम धर्मावलम्बीको पक्षपोषण गरेको आरोप लागेको थियो। उनको हत्यासँग जोडिएको सवालमा भारतमा अहिलेसम्म राजनीति हुँदै अएको छ। गाँधीको हत्याराको पक्षपोषण गर्ने शक्ति (दल) भाजपा अहिले भारतको सत्तामा छ। हत्यारा नाथुराम गोड्से थियो भने योजनाकार वीर सावरकर।

उनको हत्याको पहिलो प्रयास सन् १९३४ मा पुनेको एक सम्मान समारोहमा गरिएको थियो। तर गाँधी बच्न सफल रहे। दोस्रोपटक सन् १९४४ जुलाई २२ तारिखका दिन गोड्सेले नै आगाखान प्यालेसमा छुरा प्रहार गरेको थियो। तेस्रो प्रयास सन् १९४४ मैं सेवाग्राम आश्रममा भएको थियो। दोस्रो प्रयास भएको केही दिनमा फेरि अर्का पात्र माधवराव सदाशिव गोलकर त्यसरी नै छुरा प्रहार गर्दा समातिएको थियो। चौथो प्रयास सन् १९४६ जून ३० मा फेरि त्यही समूहले प्रयास गरे पनि सफल हुन सकेको थिएन। पाँचौं प्रयास सन् १९४८ जनवरी २० तारिखमा भएको थियो। दिल्लीस्थित बिडला भवनको गाँधीको प्रार्थनासभामा सुतली बम प्रहार गरिएको थियो। उक्त घटनामा मदनलाल पहवा नामक युवकलाई पक्राउ गरिएको थियो। पहवाको साबिती बयानले गाँधीको हत्यामा उसलाई परिचालन गर्ने व्यक्ति सावरकर नै रहेको पुष्टि हुन्छ।

३० जनवरी १९४८ मा भारतको स्वतन्त्रता आन्दोलनका नेता महात्मा गाँधीको नयाँ दिल्लीको बिडला हाउस (अहिले गाँधी स्मृति)को परिसरमा हत्या भएको थियो। त्यस बेलादेखि जनवरी ३० लाई भारतमा शहीद दिवसको रूपमा मनाइन्छ। गाँधी जीवित छैनन् तर उनको छाप जनजनमा अझै छ। त्यसैले गाँधी भारतको राजनीतिमा अदृश्य शक्ति हुन्। भारतमा जबजब निर्वाचन हुन्छ, गाँधीका बारेमा बहस हुन्छ।

उनको हत्यारा नाथुराम विनायक गोड्से थिए, जो अति दक्षिणपन्थी हिन्दू सङ्गठन, हिन्दू महासभाका सदस्य थिए। गोड्सेसँगै, हत्या र षडचन्त्रको लागि अन्य आठजना अभियुक्तलाई गिरफ्तार गरिएको थियो। २७ मे १९४८ मा मुद्दा शुरू भयो र अदालतले एकजनाबाहेक सबै प्रतिवादीलाई आरोपितको रूपमा दोषी ठहर गर्‍यो। हत्याको षडचन्त्र र विस्फोटक पदार्थ ऐनको उल्लङ्घनको लागि आठजनालाई दोषी ठहराइयो। नाथुराम गोड्से र नारायण आप्टेलाई फाँसी दिएर मृत्युदण्डको सजाय सुनाइयो र बाँकी छजनालाई आजीवन कारावासको सजाय सुनाइयो।

(लेखक अहिंसा र गाँधी विषयका अध्येता हुन्। रासस)



**उखु पेल्दैः** हलेसी तुवाचुङ नगरपालिका–१ बाहुनीडाँडास्थित पिप्लेबेंसीमा सखर उत्पादनका लागि गोरु नारेर उखु पेल्दै स्थानीय किसान। पिप्लेबेंसीमा उत्पादित सखर औषधिको लागि समेत प्रयोग गर्ने भन्दै नागरिकले खरीद गरेर लाने गरेको किसान बताउँछन्। तस्बिर : केदार मगर/रासस



**काउली बिक्री गर्दै कृषकः** स्याङ्जाको वालिङ–८ विरन्टारीका किसान दामोदर तिवारी आफूले उत्पादन गरेको काउली ग्राहकका घरघरमा लगेर बिक्री गर्नुहुँदै। तस्बिरः तोलाकान्त बगाले/रासस

# 'सूचना प्रविधि क्षेत्रबाट वार्षिक रु १० खर्ब बढी आम्दानी गर्न सकिन्छ'

काठमाडौं, १७ माघ/रासस

सूचना प्रविधि क्षेत्रका जानकारहरूले नेपालले सूचना प्रविधि (आइटी) जनशक्ति उत्पादन गर्ने हो भने वार्षिक रु १० खर्बभन्दा बढी आम्दानी गर्न सकिने बताएका छन्। नेपाली काङ्ग्रेसको उद्यमशील र साना तथा मझौला व्यवसायी विकास विभागले आयोजना गरेको सम्मेलनको आजको समूहगत छलफलमा उनीहरूले सो धारणा व्यक्त गरेका हुन्।

काङ्ग्रेस केन्द्रीय पार्टी कार्यालय सानेपामा जारी नेपाल 'स्टार्टअप' र 'एसएमई' सम्मेलनको दोस्रो दिनको 'उद्यमशीलता र जनशक्ति विकासः आइटी क्षेत्रको लागि तयारी' शीर्षकको सत्रमा भएको छलफलका वक्ताहरूले आइटीमा थोरै लगानी गर्न सके राम्रो परिणाम हात पार्न सकिने बताएका हुन्।

इनोभेटिभ नेपाल (आइएनजी) ग्रुपका प्रमुख सुलभ बुढाथोकीले नेपालको आइटी क्षेत्रमा धेरै अवसर भएकाले दक्ष जनशक्ति निर्माणमा लगानी आवश्यक भएको बताए। आवश्यकता अनुसार जनशक्ति उत्पादन गर्न सकेमा वार्षिक रु १० खर्बभन्दा बढीको आइटी सेवा निर्यात गर्न सकिने उनको भनाइ थियो।

उनले भने, "अहिले हामीले दक्ष जनशक्ति निर्माणको लागि प्रयत्न गरिरहेका छौं। हरेक आइटी कलेजहरूमा कोटा नछुट्टयाइ सहजै आइटी पढ्न सकिने व्यवस्था गर्नुपर्ने नीति अवलम्बन गर्नुपर्छ भनेर लबिङ गरिरहेका छौं।" अहिले विश्वभर सबैभन्दा बढी आर्थिक उपार्जनको स्रोत बनेको पर्यटन क्षेत्रलाई पनि आइटीले उछिनिसकेको छ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका डिन प्राडा महानन्द चालिसेले अहिलेको समयमा प्राविधिक शिक्षासहितको व्यावसायिक ज्ञानमा राज्यले ध्यान दिनुपर्ने बताए। उनले पढाइमा सरकारले प्राविधिक पक्षमा ध्यान दिनुपर्ने उल्लेख गरे। यसका लागि त्रिभुवन विश्वविद्यालयले निरन्तर आफ्नोतर्फबाट काम गरिरहेको पनि उनले जानकारी गराए। उनले थपे, "सरकारले नीति त ल्याउँछ तर प्राविधिक क्षेत्रमा विद्यार्थीलाई कसरी जोड्ने भन्ने विषय समेटिएको छैन। हरेक सङ्कायमा प्राविधिक र व्यावसायिक सीप सिकाउने गरी पाठ्यक्रम निर्माण

(बाँकी पाँचौं पातामा)


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की–१० |
| ३. डा. आनन्दकुमार झा | ०५१–५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१–५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज–४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१–५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की–१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१–५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१–५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरज कुमार सिंह ०५१–५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. प्रशान्त कुमार साह (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१–५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. स्वेता गुप्ता, ९८५५०३५५६०, (न्यु त्रिलोकी क्लिनिक), बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३–५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
**सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३**

## अन्तर्राष्ट्रिय समाचार

# सेनाको हेलिकप्टर र यात्रीवाहक विमान ठोक्किएर दुर्घटना, कम्तीमा १८ जनाको शव फेला

वासिङ्टन, १७ माघ/एएफपी

अमेरिकाको वासिङ्टन डिसीनजीकै अमेरिकी एयरलाइन्सको विमान ब्ल्याक हक हेलिकप्टरसँग ठोक्किएर दुर्घटना भएको छ। विमानमा ६० जना यात्री र चारजना चालक दलका सदस्यसहित ६४ जना सवार थिए।



यात्रुवाहक विमान र हेलिकप्टर एकापसमा ठोकिएर दुई टुक्रा भई पोटोम्याक नदीमा खसेपछि यात्रुहरूको बचावका लागि खटेका उद्धारकर्मीहरू। तस्वीरः एएफपी

अहिलेसम्म १८ जनाको शव फेला परेको स्थानीय सञ्चारमाध्यमले प्रहरी अधिकारीहरूले उद्धृत गरी जानकारी गराएका छन्।

बम्बार्डियर कम्पनीको सिआरजे ७०० विमान विचिटा क्यानकासबाट वासिङ्टनतर्फ जाँदै थियो। अमेरिकी सञ्चारमाध्यमका अनुसार विमान दुर्घटनापछि हावामा दुई भाग भई पोटोम्याक नदीमा खसेको प्रत्यक्षदर्शीले बताएका छन्। नदीमा खोजी तथा उद्धार कार्य जारी छ।

स्थानीय समय अनुसार राति ९ बजे वासिङ्टनस्थित रोनाल्ड रेगन नेशनल एयरपोर्टनजीकै दुर्घटना भएको घटनाको अनुसन्धान शुरू गरिएको छ।

दुर्घटनापछि ठूलो सङ्ख्यामा आकस्मिक बलका सदस्यहरू विमानस्थलमा पुगेका छन्। घटनास्थलमा १० भन्दा बढी एम्बुलेन्स र ट्रक पनि रहेका छन्।

रोनाल्ड रेगन नेशनल एयरपोर्टले सामाजिक सञ्जाल एक्समा एक सूचना जारी गर्दै लेखेको छ, “तत्कालका लागि सबै उडान स्थगित गरिएको छ।”

एक अमेरिकी सैनिक अधिकारीले अमेरिकी समाचार च्यानल सिबिएसलाई बताए अनुसार दुर्घटनामा परेको हेलिकप्टर अमेरिकी सेनाको ब्ल्याक हक हेलिकप्टर थियो। हेलिकप्टरमा अमेरिकी सेनाका तीनजना सैनिक सवार थिए।

हेलिकप्टरमा कुनै वरिष्ठ अधिकारी थिएनन्, तर त्यसमा सवार सैनिकको अवस्था पनि स्पष्ट छैन।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुर्घटनापछि सामाजिक सञ्जाल एक्समा एक सन्देश जारी गर्दै भनेका छन्, “रोनाल्ड रेगन नेशनल एयरपोर्टमा भएको दुर्घटनाबारे मैले पूर्ण जानकारी पाएको छु। अवस्थाको अनुगमन भइरहेको छ।”

उनले यस दुर्घटनामा ज्यान गुमाउनेहरूप्रति दुःख व्यक्त गर्दै अगाडि भनेका छन्, “मृतकका आत्मालाई भगवान्ले शान्ति प्रदान गरून्।”

**चीसोका कारण पानीमा उद्धार कार्य ‘अत्यन्त कठिन’**

बम्बार्डियर कम्पनीको सिआरजे ७०० विमान विचिटा क्यानकासबाट वासिङ्टनतर्फ जाँदै गरेको अमेरिकी एक यात्रीवाहक विमान र अमेरिकी सेनाको ‘ब्ल्याक हक’ हेलिकप्टर आकाशमा ठोक्किएर भएको दुर्घटनाका परेका यात्रीको उद्धार कार्य जारी रहेको अधिकारीले बताएका छन्।

आकाशमा दुर्घटना भएपछि विमानका दुई ठूला टुक्रा पोटोम्याक नदीमा खसेको प्रत्यक्षदर्शीले बताएका छन्। दुर्घटनाग्रस्त विमानमा रहेका यात्रीको खोजी कार्य भइरहेको तर रातको समय, पानी र चीसो मौसमका कारण उद्धार कार्य गरिरहेका उद्धारकर्मीहरूले अत्यन्त कठिन अवस्थाको सामना गर्नुपरेको वाशिङ्टनका अग्निनियन्त्रक जोन डोनेलीले रेगन नेशनल एयरपोर्टमा पत्रकारको प्रश्नको जवाफ दिने क्रममा बताए।

उनले भने, “करीब ३०० आपत्कालीन उद्धारकर्ताले पोटोम्याकमा खोजी गरिरहेको तर उच्च हावा, रातको समयमा कम दृश्यता, चीसो मौसम र धमिलो पानीका कारण उद्धारमा कठिनाइ भइरहेको छ।”

स्थानीय समय अनुसार राति ९ बजे वाशिङ्टनस्थित रोनाल्ड रेगन नेशनल एयरपोर्टनजीकै दुर्घटना भएको विमानमा ६० जना यात्री र चारजना चालक दलका सदस्यसहित ६४ जना सवार रहेका थिए। त्यसैगरी, हेलिकप्टरमा तीनजना रहेका थिए। रासस

# तीन इजरायली र पाँच थाई बन्धकसँग एक हजार ९०० प्यालेस्टिनी बन्दी आदानप्रदान हुने

जेरुसेलम, १७ माघ/एएफपी

इजरायल र प्यालेस्टिनी इस्लामी समूह (हमास)ले गाजा युद्ध अन्त्य गर्ने उद्देश्यले भएको युद्धविराम सम्झौता अन्तर्गत बिहीवार तीन इजरायली र पाँच थाई बन्धकसँग तेस्रोपटक बन्धक/बन्दी आदानप्रदान गर्ने तयारी भएको छ।

चौथो आदानप्रदान सप्ताहन्तका लागि तय गरिएको छ। हमासले बुधवार इजरायलले सहायता वितरण रोकेर सम्झौतालाई खतरामा पारेको आरोप लगाएको छ।

प्रधानमन्त्री बेन्जामिन नेतन्याहूको कार्यालयले बिहीवार रिहा हुने तीनजना इजरायली नागरिक अरबेल येहुद, अगम बर्जर र गादी मोसेसको पहिचान गरेको छ।

बुधवार साँझ एक वक्तव्य जारी गर्दै मोसेस परिवारले ‘हाम्रा प्रिय गादीको पुनरागमनको अद्भुत खबर निकै उत्साहका साथ प्राप्त भएको’ जनाएको छ।

जनवरी १९ मा लागू भएको युद्धविराम सम्झौता अनुसार सन् २०२३ को अक्टोबर ७ मा हमासले गरेको आक्रमणका क्रममा इजरायलबाट बन्धक बनाइएका व्यक्तिहरूको रिहाइका लागि बदलामा इजरायली हिरासतमा रहेका एक हजार ९०० व्यक्ति (अधिकांश प्यालेस्टिनी)लाई रिहा गर्ने सहमति भएको छ।

हमासले हालसम्म सातजना इजरायली बन्धकलाई रिहा गरिसकेको छ भने बदलामा इजरायलले २९० जना प्यालेस्टिनी कैदीलाई रिहा गरेको छ।

‘प्यालेस्टाइन प्रिजनर्स क्लब एड्भोकेसी ग्रुप’का अनुसार हमासले तीनजना इजरायलीलाई बिहीवार रिहा गर्दा बदलामा इजरायलले ११० जना प्यालेस्टिनी कैदीलाई रिहा गर्न लागेको हो।

नेतन्याहूको कार्यालयले शनिवार हुने अर्को अदलाबदलीमा थप तीनजना इजरायली नागरिकलाई रिहा गरिने जनाएको छ। रासस

# रूसी ड्रोन आक्रमणबाट चार युक्रेनीको मृत्यु

किएभ, १७ माघ/एएफपी

युक्रेनको पूर्वी शहर सुमीमा सोभियत कालीन आवासीय ब्लकमा युक्रेनका विभिन्न शहरलाई लक्षित गरी गरिएको रूसी ड्रोनले लाग्दा कम्तीमा चार जनाको मृत्यु भएको युक्रेनी गृह मन्त्रालयले जनाएको छ।

रूसले सन् २०२२ को शुरूमा युक्रेनमा आक्रमण गरेयता दैनिकजसो दर्जनौँ ड्रोन वा क्षेप्यास्त्रले युक्रेनी भूगोलमा गाउँ र शहरमा रहेका वस्तीका साथै महत्त्वपूर्ण भौतिक संरचनालाई लक्षित गर्दै आएको छ।

आपतकालीन सेवाहरूले वितरण गरेको तस्बिरमा भवनको छेउमा एउटा प्वाल परेको र उद्धारकर्मीहरूले जीवित व्यक्तिहरूको खोजी गर्दै भवनको भग्नावशेष खनेको देखाइएको छ।

राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले सामाजिक सञ्जालमा लेख्नुभएको छ, “यो एक भयानक त्रासदी र भयानक रूसी अपराध हो।”

उहाँले अगाडि भन्नुभएको छ, “विश्वले यस आतङ्कको विरूद्धमा रूसलाई दबाब दिन नरोकोस्। यो अति आवश्यक छ।”

युक्रेनका मानव अधिकार आयुक्त दिमित्रो लुबिनेट्सले सुमीमा चार जनाको मृत्यु हुनुका साथै एक बालकसहित नौ जना घाइते भएको बताएका छन्।

यो शहर रूसी हवाई आक्रमणमा नियमित रूपमा लक्षित गरिएको उत्तरपूर्वी युक्रेनमा रूसको सीमामा अवस्थित छ। युद्ध अघि त्यहाँ दुई लाख ५५ हजार ६७२ मानिसहरू बस्थे।

युक्रेनी वायु सेनाका अनुसार मस्कोले ८१ वटा ड्रोनले आक्रमण गरेको र इरानी ड्रोनजस्तै नमूनाको शाहेद पनि रहेको थियो।

उनीहरूको एयर डिफेन्स एकाईले सुमी र राजधानी किएभ नजिकैका विभिन्न क्षेत्रमा रहेका ३७ वटा ड्रोन खसालेको थियो।

‘ब्ल्याक सी’मा रहेको ओडेसाको दक्षिणी क्षेत्रमा रूसी ड्रोनले युक्रेनको महत्त्वपूर्ण निर्यात केन्द्रमध्ये एक इजमेल बन्दरगाह शहरलाई निशाना बनाएको अधिकारीहरूले बताएका छन्। रासस

# पर्सागढीमा माघ २१ गतेदेखि एचपिभी खोप दिने

प्रस, पर्सागढी, १७ माघ/

पर्सागढी नगरपालिकाको स्वास्थ्य शाखाले एचपिभी खोप अभियानबारे अभिमुखीकरण कार्यक्रम गरेको छ।

कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख नारायण पौडेलले एचपिभी खोपको परिचय र रोकथामका उपाय तथा नेपालमा पाठेघरको मुखको क्यान्सरको अवस्थाबारे जानकारी गराएका थिए। उनले यो खोप अभियान पर्सागढी नपामा माघ २१ गतेदेखि शुरू हुने बताए।

१० देखि १४ वर्ष उमेरका किशोरीहरूलाई लगाइने एचपिभी खोप विद्यार्थीसहित अन्य किशोरीहरूलाई पनि लगाइने उनले बताए।

उनले खोप कार्यक्रमको उद्देश्य र उपलब्धिबारे जानकारी गराउँदै पाठेघरको मुखको क्यान्सरको निवारण र रणनीति तथा एचपिभी खोप अभियानको औचित्यबारे स्पष्ट पारेका थिए।

नगरप्रमुख तथा पालिकास्तरीय खोप समन्वय समितिका अध्यक्ष गोकर्ण पाठकले देशमा मूलतः तीनवटा रोग क्यान्सर, रक्तचाप, मधुमेह रहेकामा जसमध्ये महिलामा बढी मात्रा देखा पर्ने रोग पाठेघरको मुखको क्यान्सर रहेको बताए। उनले पाठेघरको मुखको क्यान्सरको बारेमा जनचेतना फैलाउनुपर्ने बताए। पर्सागढीभित्र रहेका विद्यालयका १,६०८ जना किशोरी र अन्य ३०१ जना किशोरीलाई एचपिभी खोप लगाइने बताए।



तस्वीरः प्रतीक

नगरप्रमुखको अध्यक्षतामा भएको कार्यक्रममा उपप्रमुख पूजा चौधरी, वडाध्यक्ष, कार्यपालिका सदस्य, स्वयंसेविका लगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण स्वास्थ्य शाखा पब्लिक हेल्थ नर्स सपना बाँस्तोलाले गरेकी थिइन्।

# सिराहाका तीन अस्पताललाई स्वास्थ्य उपकरण सहयोग

सिराहा, १७ माघ/रासस

यहाँका तीन अस्पतालाई करोडौं मूल्य बराबरका स्वास्थ्य सामग्री तथा उपकरण प्राप्त भएको छ। ‘हेल्पिङ ह्यान्ड फर रिलिफ एन्ड डेभलपमेन्ट’ नामक गैरसरकारी संस्थाले ती अस्पताललाई स्वास्थ्य सामग्री प्रदान गरेको हो।

स्वास्थ्य सामग्री प्राप्त गर्नेमा जिल्लाको धनगढीमाई नगरपालिका–९ स्थित नैनपुर अस्पताल, सुखीपुर नगरपालिका–८ स्थित आधारभूत अस्पताल र अर्नमा गाउँपालिका–१ महनौरस्थित महनौर अस्पताल रहेका छन्। संस्थाले बुधवार तीनवटै पालिकाका प्रमुखसहित जनप्रतिनिधि, समाजसेवी तथा स्वास्थ्य कर्मचारीको उपस्थितिमा विशेष कार्यक्रमको आयोजना गरी सामग्री हस्तान्तरण गरेको थियो।

स्थानीय समुदायलाई आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच र सुधारमा योगदान पुर्‍याउने उद्देश्यसहित आफ्नो संस्थाले सिराहासहित देशका अन्य जिल्लामा पनि स्वास्थ्य उपकरण, औषधिजस्ता सामग्री सहयोग गर्दै आएको ‘हेल्पिङ ह्यान्ड फर रिलिफ एन्ड डेभलपमेन्ट’ नेपालका महासचिव मो मेराज खानले बताए।

“यस संस्थाले विशेषगरी दलित, अतिविपन्न र आर्थिकरूपमा कमजोर समुदायका नागरिकलाई प्रत्यक्षरूपमा लाभ पुर्‍याउने उद्देश्यसहित सरकारी अस्पताललाई प्राथमिकतामा राखेर सहयोग गर्दै आइरहेको छ,” महासचिव खानले भने, “त्यसै अनुरूप यहाँका अस्पताललाई स्वास्थ्य सामग्री हस्तान्तरण गरिएको हो।”

महासचिव खानले अमेरिकी सहयोगमा सञ्चालित यस परियोजना मधेस प्रदेशका सिराहा, महोत्तरी र सर्लाहीसहित देशभरका ४२ जिल्लामा शिक्षा, स्वास्थ्य, कृषिलगायतका क्षेत्रलाई प्राथमिकता दिंदै सामाजिक सेवाका कार्यमा सक्रिय रहँदै आएको जानकारी दिए। संस्थाले दिएका सामग्री तथा उपकरणले अस्पतालको सेवाप्रवाहमा महत्त्वपूर्ण सहयोग पुग्ने अस्पताल प्रशासनले जनाएको छ।

### सूचना ...

गर्ने र त्यसलाई व्यावहारिकरूपमा लागू गर्न आवश्यक छ।”

सिनासका कार्यकारी निर्देशक मिर्गेन्द्र कार्कीले परिवर्तनशील समय अनुसार सपना देख्ने, लगानी गर्ने र प्रयोग गर्ने क्षेत्रलाई छुटयाएर त्यसको ब्रान्डिङसहितको प्रचार गर्न आवश्यक भएको बताए। उनले देशको भुगोल अनुसारको उत्पादित सामग्रीको राज्यले प्रवर्द्धन गर्न सकेको अवस्थामा समग्र आर्थिक रूपान्तरण गर्न सहज हुने उल्लेख गरे।

योङ इनोभेशनका संस्थापक विभूषण विष्टले राज्यले आइटी क्षेत्रलाई समेट्ने गरी नीति ल्याएको अवस्थामा अहिलेको तुलनामा पाँच गुणा बढी जनशक्ति उत्पादन गर्न सकिने र त्यही अनुसार सेवा निर्यात गर्न सकिने बताए।

काङ्ग्रेस केन्द्रीय कार्यालयमा बुधवारदेखि शुरू भएको सम्मेलनले भर्खरै व्यवसाय प्रारम्भ गर्ने उद्यमी, व्यवसायीहरूलाई प्रोत्साहन गर्नुका साथै व्यवसायको प्रवर्द्धनसमेत हुने विभागकी संयोजक उर्मिला थपलियाले बताइन्।

### सरस्वतीको ...

ओसार्ने, मुछ्ने, पराल र खरलाई मूर्ति आकार बनाएर माटो भर्ने र अन्त्यमा सरस्वतीको मूर्ति आकर्षक बनाउन विभिन्न रङ भरेर तयार गर्ने यसक्रमका काम हुन्छन्। सामान्यतः पूजनोत्सवमा सरस्वतीसँगै गणेशजीको मूर्तिको पनि माग हुन्छ। हिन्दू परम्परामा सबै शुभकार्यमा गणेशजीको अग्र पूजाको परम्पराले सरस्वती पूजनोत्सवमा पनि गणेशजीका मूर्तिको माग हुने गरेको महोत्तरीकै भङ्गाहा–७ मझौलियाका मझरू महरा बताउँछन्।

मधेसमा माटो मुछेर भाँडाकुँडा बनाउने काममा कुमाल जाति समुदाय देखिन्छन्। माटो मुछेरै मूर्ति बनाउने काममा अधिकांश महरा (चमार, राम) जाति समुदायका दलित भेटिन्छन्। मूर्ति बनाउने काम आफ्ना बुबाबाजेकै पालादेखि गरिंदै आइएको फूलबरियाका कैलाश बताउँछन्। वसन्तपञ्चमी, कृष्ण जन्माष्टमी, विश्वकर्मा पूजा र दुर्गापूजामा बनाइने मूर्तिबाट गुजारामा टेवा पुग्ने उनको भनाइ छ। अरू बेला खेतीकिसानी र अन्य बन्द व्यापार गरेर यस्ता पर्वका बेला मूर्ति बनाइँदा घरपरिवारको भइपरी आउने नगद खर्चमा मदत पुग्ने गरेको उनले बताए।

आफूले बाउबाजेको कामलाई निरन्तरता दिए पनि आफ्ना छोरा/भतिजाले भने मूर्ति बनाउने काममा चासो नदेखाउँदा यो पेशा छुट्दै जाने पुराना मूर्तिकारको गुनासो छ। मूर्ति बनाउने सीपलाई बचाइराख्न नयाँ पुस्तालाई यो सीपसँग जोड्न स्थानीय तहले पहलकदमी लिइदिनुपर्ने भङ्गाहा–५ सीतापुरका ७० वर्षीय अच्छवा महरा बताउँछन्।

### एमाले ...

समस्याहरू सुन्न र समाधान गर्ने दिशामा अग्रसर रहन आग्रह गरे।

बैठकमा प्रह्लाद गिरीले सामाजिक न्याय र समानताको लागि पार्टीले अगाडि बढाउनुपर्ने कार्यबारे प्रकाश पारे। जालिम मियाँ र सलाउद्दीन अहमदले स्थानीय युवाहरूलाई पार्टीमा संलग्न गराउने र उनीहरूको भूमिका बढाउने आवश्यकतामा जोड दिए।

वीरेन्द्र यादवले गापास्तरमा पार्टीको सङ्गठनात्मक क्षमता बढाउने र जनसम्पर्क विस्तार गर्ने आवश्यकताबारेमा बताए।

### आजको राशिफल

| | |
|---|---|
| मेष – मनोरञ्जन | वृष – कर्मप्राप्ति |
| मिथुन – प्रगति | कर्कट – वादविवाद |
| सिंह – यात्रालाभ | कन्या – कडाश्रम |
| तुला – विद्यालाभ | वृश्चिक – भयचिन्ता |
| धनु – विजय | मकर – धनलाभ |
| कुम्भ – भाग्योदय | मीन – बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# सिम्रौनगढ नभएको भए नेपाल नै हुने थिएन –अहिराज

प्रस, सिम्रौनगढ, १७ माघ/

मधेस प्रदेशका पूर्वप्रमुख राजेश अहिराजले सिम्रौनगढ नभएको भए नेपाल नै नहुने बताएका छन् ।

बुधवार सामाजिक न्याय विद्यार्थी निकेतनको तेस्रो संगोष्ठीमा उनले दिल्लीका बादशाह ग्यासुद्दीन तुगलकले सिम्रौनगढमाथि आक्रमण गर्दा यहाँका सेनाहरूले नमरुन्जेलसम्म लडेको बताए ।

उनले सिम्रौनगढको आफ्नै ऐतिहासिक, पुरातात्त्विक र धार्मिक पहिचान रहेको बताए । अहिराजले जसले इतिहास सम्झिँदैन, उसको भविष्य नै सम्झिनलायक नहुने बताए । गोष्ठीमा मधेस विश्वविद्यालयका उपकुलपति डा दीपक शाक्य, पूर्वन्यायाधीश प्रेमराज कार्की, रोशनकुमार झा, निर्मला लामा,


तस्वीरः प्रतीक

युवराज सङ्ग्रौलालगायतले सिम्रौनगढको ऐतिहासिक, सामाजिक, आर्थिक र पुरातात्त्विक पक्षबारे मन्तव्य राखेका थिए । कार्यक्रममा वृत्तचित्र पनि प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा काठमाडौं स्कूल अफ ल, वीरगंज स्कूल अफ ल, हरि खेतान बहुमुखी क्याम्पस, ममता विद्या मन्दिरका छात्रछात्राहरू सहभागी थिए ।

दीक्षा खड्काको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन कृतिका खड्का र स्वागत वीरेन्द्रप्रसाद यादवले गरेका थिए । कार्यक्रममा सिम्रौनगढका प्रमुख किशोरीप्रसाद साहले मधेस प्रदेशका पूर्वप्रमुख अहिराजलाई मायाको चिनो प्रदान गरेका थिए ।

# पत्रकारको कलमकै कारण देशविदेशमा परिवर्तन –प्रा श्रेष्ठ

बलिराम शुक्ला, बिरुवागुठी, १७ माघ/

क्रियाशील युवा पत्रकार मञ्च नेपाल वीरगंजले नेपाल पत्रकार महासङ्घका नवनिर्वाचित केन्द्र, प्रदेश तथा जिल्लाका पदाधिकारी सदस्यहरूलाई बिहीवार सम्मान गरेको छ ।

कार्यक्रममा प्राध्यापक मञ्जु श्रेष्ठले पत्रकारिता समाजको दर्पण भएकोले निष्पक्ष र स्वतन्त्ररूपले पत्रकारिता गर्न सुझाव दिइन् । उनले पहिले महिलाहरू शिक्षा लिन नचाहने तर अहिले



तस्वीरः प्रतीक

पत्रकारहरूको कलमका कारण महिलाहरू पनि निर्धक्क भएर उच्च शिक्षा लिइरहेको बताइन् । प्राध्यापक श्रेष्ठले पत्रकारको कलमकै कारण देशविदेशमा ठूलठूला परिवर्तन भएको बताइन् ।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष हरि गौतम, केन्द्रीय सदस्य सुबोध गुप्ता, नेपाल पत्रकार महासङ्घ केन्द्रीय लेखा समिति संयोजक केसी लामिछाने, पत्रकार महासङ्घ, पर्साका अध्यक्ष ओमप्रकाश खनाल, डा नीरज सिंह, प्रेस काउन्सिल नेपालका सदस्य लालबाबू शेखलगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा महासङ्घका निर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई रुद्राक्षको माला, गम्छा र सम्मानपत्रले सम्मानित गरिएको थियो ।

मञ्चका अध्यक्ष प्रणयकुमार साहको अध्यक्षमा भएको कार्यक्रममा स्वागत क्रियाशील युवा पत्रकार मञ्चका उपाध्यक्ष आनन्द पटेल र सहजीकरण वीरेन्द्र साहले गरेका थिए ।


## वैदेशिक रोजगारमा जाँदा ख्याल राख्नुपर्ने कुराहरू

- वैदेशिक रोजगारका बारेमा राम्ररी बुझेर मात्रै जाऔं,
- वैदेशिक रोजगारमा जाँदा सम्बन्धित देशको नियम कानूनको बारेमा जानकार रहौं,
- आधिकारिक प्रमाणपत्र र कागजात बनाएर मात्रै वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारमा जाँदा वैधानिक बाटो प्रयोग गरौं,
- सरकारबाट प्रदान गरिने आधारभूत प्रशिक्षण लिएर मात्रै वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारका नाममा अनेक झूटा प्रलोभन देखाएर ठगीको शिकार हुन सक्ने भएकाले सजग रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड





# छ लाखसहित एकजना पक्राउ


तस्वीरः सौजन्य

प्रस, वीरगंज, १७ माघ/

वडा प्रहरी कार्यालय बिर्ताले स्रोत नखुलेको छ लाख नगदसहित एकजना भारतीयलाई मङ्गलवार पक्राउ गरेको छ ।

वीरगंज महानगरपालिका–१० आदर्शनगरबाट भारतीय नम्बरको मोटरसाइकलमा सवार भारत, बिहारको रक्सौल–१४ बस्ने वर्ष २७ को ओमकुमार रौनियारलाई चेकजाँच गर्दा उनले चामलको बोराभित्र लुकाइछिपाइ राखेको छ लाख नगद फेला परेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

पक्राउ परेका रौनियारलाई हुन्डीसम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको जिप्रका, पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक किशोर लम्सालले जनाएका छन् ।

# खेलकूदको संसार

## ग्लोबलले उचाल्यो एनआई कप ट्रफी

प्रस, परवानीपुर, १७ माघ/

ग्लोबल बिजनेश कलेज, वीरगंज एनआई कपको विजेता बनेको छ । वीरगंजको नारायणी क्रिकेट मैदानमा बिहीवार सम्पन्न फाइनल खेलमा आठ रन अन्तरले ज्ञानदा एकेडेमीलाई पराजित गर्दै एनआई कपको चौथो विजेता घोषित भएको छ ।




ग्लोबलले पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरमा सात विकेटको क्षतिमा जम्मा ८९ रन बनाएको थियो । जसमा ग्लोबलका आदर्श भण्डारीको ४५ बलमा ४३ रनको अविजित पारी खेले भने सुगम बरालको ११ रनको योगदान दिए । ज्ञानदाका बलर आफताब आलम र गुड्डु यादवले समान दुई/दुई विकेट लिएका थिए ।

९० रनको विजयी लक्ष्य लिएर जवाफी ब्याटिङ गरेको ज्ञानदा एकेडेमीले मध्यक्रमका ब्याटरहरू चल्न नसक्दा उक्त लक्ष्य भेटाउन सकेन । ज्ञानदा २० ओभर खेल्दै नौ विकेटको क्षतिमा मात्र ८१ रनमा सीमित रह्यो । जसमा ज्ञानदाका गुड्डुले १५, मुन्ना यादवले १४ रन बनाएका थिए भने ग्लोबलका नीरज राय र कर्णबहादुर विकले दुई/दुई विकेट लिएका थिए ।

एनआईले आयोजना गरेको चौथो संस्करणमा विजेता बनेको ग्लोबल बिजनेशले प्रतियोगिताका सबै खेल जितेको थियो । यस अघि सत्यम कलेजले एउटा उपाधि र आयोजक एनआई कलेजले दुईवटा उपाधि जित्दा प्रतियोगिता अन्तर्गतका सम्पूर्ण खेल जितेका थिए ।

फाइनल खेलको उत्कृष्ट खेलाडी ग्लोबलका आदर्श भण्डारी घोषित भए । यसैगरी, यो प्रतियोगिताको इमर्जिङ प्लेयरमा सेन्ट जेभियर्सका इमरान अन्सारी, बेस्ट बलर ज्ञानदाका कन्हैया कुमार, बेस्ट ब्याट्सम्यान प्रतियोगिताभरि एकमात्र शतक हान्न सफल ग्लोबलका रवीन्द्र कुँवर घोषित भए । उनले ११२ रन बनाएका थिए ।

प्रतियोगिताभरिमा ब्याटिङ, बलिङ र फिल्डिङमा उत्कृष्ट प्रदर्शन गर्ने 'म्यान अफ द टुर्नामेन्ट'को पुरस्कार ग्लोबलका कर्णबहादुर विक घोषित भए । उनले प्रतियोगिताभरि छवटा खेलमा ७२ रन र १० विकेट लिएका थिए ।

विजेता र उपविजेता टोलीलाई नगरप्रमुख राजेशमान सिंह, क्यान, पर्साका पूर्वअध्यक्ष दाउद अन्सारी, प्रहरी उपरीक्षक गौतम मिश्रलगायतले शिल्ड, प्रमाणपत्र, मेडल प्रदान गरेका थिए । विजयी, उपविजयी खेलाडी तथा उत्कृष्ट खेलाडीहरूलाई क्रिकेट सामग्री प्रदान गरिएको थियो ।

एनआई कलेज तथा क्यान, पर्साका अध्यक्ष मनीष सिंहको अध्यक्षता भएको समापन समारोहमा ज्ञानदा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत राजेन्द्र कोइराला, ग्लोबलका अशोक साह, ओमप्रकाश श्रेष्ठ, डा अशोक दास, क्यान, पर्साका सचिव घनश्याम गुप्तालगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण क्यान, पर्साका अमित आलोकले गरेका थिए ।

## त्रिकोणात्मक सिरिजमा नेपाल नेदरल्यान्ड्ससँग पराजित

काठमाडौं, १७ माघ/रासस

त्रिकोणात्मक टी–ट्वान्टी सिरिजको पहिलो खेलमा नेपाल नेदरल्यान्ड्ससँग पराजित भएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदान बिहीवार भएको खेलमा नेपाल नेदरल्यान्ड्ससँग २० रनले पराजित भएको हो । नेदरल्यान्ड्सले जीतका लागि दिएको १५८ रनको विजयी लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १३७ रनमा समेटिएको थियो ।




नेपालका लागि सीता रानामगरले सर्वाधिक २८ रनको योगदान दिइन् । उनले ४५ बलमा तीन चौकाको सहयोगमा २८ रन बनाएकी हुन् । त्यसैगरी, कविता जोशीले १७ बलमा एक चौका र दुई छक्काको सहयोगमा २७ रन बनाइन् । पूजा महतोले १४ बलमा दुई चौका र दुई छक्काको सहयोगमा २४ रन बनाइन् ।

त्यसबाहेक अन्य नेपाली खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । सम्झना खड्काले नौ रन बनाइन् भने कविता कुवँरले आठ तथा कप्तान इन्दु बर्माले सात रन जोडे । बलिङतर्फ नेदरल्यान्ड्सका इभा लिन्च र क्यारोलिन डे लाङले समान दुई/दुई विकेट लिए भने आइरिस विलिङ र फ्रेडरिक ओभरडाइकले समान एक/एक विकेट लिए ।

त्यस अघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेदरल्यान्ड्सले निर्धारित २० ओभरमा चार विकेट गुमाएर १५७ रनको योगफल बनाएको थियो ।

नेदरल्यान्ड्सका लागि रोबिन रिकेले सर्वाधिक ५९ रनको योगदान दिइन् । उनले ४८ बलमा आठ चौकासहित ५९ रन बनाएकी हुन् । त्यस्तै, आइरिस विलिङले १३ बलमा ३१ रन बनाइन् । स्ट्री कालिसले ३५ बलमा २९ रन जोडिन् भने र हेटर सिगेसर्ले १९ बलमा २३ रन जोड्दै आउट भए ।

नेपालका लागि कविता कुँवर, पूजा महतो, सीता रानामगर र ईश्वरी विष्टले समान एक/एक विकेट लिए । अब नेपाली महिला टोलीले शनिवार थाइल्यान्डसँग प्रतिस्पर्धा गर्नेछ ।

## सडनडेथबाट वनशक्तिमाई फाइनलमा प्रवेश

बलिराम शुक्ला, बिरुवागुठी, १७ माघ/



पर्सागढी नगरपालिका–१ मा जारी दोस्रो कोइलाभारमाई नकआउट फूटबल प्रतियोगिताको बिहीवार सम्पन्न अन्तिम सेमिफाइनल खेलमा बाराको सिमरा युनाइटेड क्लबलाई पराजित गर्दै पर्साको वनशक्तिमाई युवा क्लब सिद्धपुर फाइनलमा प्रवेश गरेको छ ।

वनशक्तिमाई युवा क्लब सडनडेथमा विजयी भएर फाइनलमा पुगेको हो । निर्धारित समयमा दुवै टीमले दुई/दुई गोलको बराबरी खेलेका थिए । त्यसपछि टाइब्रेकरमा पनि दुवै टीमले बराबरी गोल गरेका थिए । त्यसपछि सडनडेथमा वनशक्तिले एक गोल गर्‍यो भने सिमरा गोल गर्नबाट चुक्यो ।

आजको खेलको 'म्यान अफ द म्याच' वनशक्तिमाईका सन्दीप चौधरी घोषित भए । आगामी शनिवार वनशक्तिमाई र बाराको मौवादेवी युवा क्लब, बडर्वाबीच फाइनल खेल हुने आयोजक क्लबका अध्यक्ष मोहन चौधरीले बताए ।